
# रातो खबर साप्ताहिक

Ratokhabar weekly






रातो खबर साप्ताहिकको सहप्रकाशन
दृष्टिकोण निर्माण
प्रकाशित भयो।
आफ्नो प्रति सुरक्षित गर्नुहोस्



वर्ष ३, अङ्क १४, पूर्णाङ्क १०९ | २०७४ भदौ २१ गते बुधवार | Wednesday, 6 Sep 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## हाइड्रोजन तरङ्ग : बहुध्रुवको प्रसव–पीडा

# अमेरिकाका लागि कोरिया अर्को भियतनाम बन्दै

■ **रातो खबर संवाददाता**/काठमाडौँ



जनतान्त्रिक गणतन्त्र कोरियाले आइतबार छैटौंपटक हाइड्रोजन बमको सफलतापूर्वक परीक्षण गरेपछि अमेरिकासहित पुँजीवादी ध्रुवमा ठूलो खैलाबैला भएको छ। कोरियाले उत्तर-पूर्वी जिल्ला किञ्जुस्थित पुङ्गे-री आणविक केन्द्रबाट गरेको हाइड्रोजन परीक्षण हालसम्मकै शक्तिशाली मानिएको छ। कोरियाली प्रायद्वीपमा ६.३ रेक्टर स्केलको भूकम्प गराएको लगत्तै कोरियाली सरकारी सञ्चारले हाइड्रोजन बम परीक्षणका तस्बिरहरू सार्वजनिक गरेका थिए। सो परीक्षणको विशेष महत्व के ठानिन्छ भने त्यसमा अन्तरदेशीय ब्यालेष्टिक क्षेप्यास्त्र जडान गरी प्रहार गर्न सकिने अत्याधुनिक हाइड्रोजन बमको विकास गर्नुमा छ। परीक्षण पूर्ण सफल भएको छ र विकिरण चुहावट नभएको सरकारी दावी छ; जसलाई कुनै संस्थाले खण्डन गर्न सकेका छैनन्। कोरियाको सरकारी संचार केसिएएनले उक्त परीक्षणलाई 'चुनौतीपूर्ण सफलता' गर्वका साथ भनेको छ। यसअघिको भन्दा दसगुणा बढी शक्तिशाली मानिएको छ। अमेरिकासहित पुँजीवादी देशहरूको पिछलग्गू आरोप लाग्दै आएको संयुक्त राष्ट्र संघसहित पुँजीवादी देशहरूले गरिरहेको विरोध, धम्की र आपत्तिलाई कोरियाले गल्लीको ... भुकेको जत्ति पनि ठानेको देखिन्न। गतसाता जापानको हकाइडो प्रान्तको आकाश हुँदै समुद्रमा ब्यालेस्टिक क्षेप्यास्त्र कोरियाले खसालेको थियो। जापानले वर्षौं उपनिवेश बनाएको लुटपाट, हत्या र यौनदासी बनाएका महिला र नागरिकको घाउमा खाटो बस्दा नबस्दै कोरियाले जापानको आकाश अतिक्रमण गरेर बदला लिएको छ।

६ अगस्त १९४५ मा अमेरिकाले जापानको नागासाकी सहरमा खसालेको 'फ्याट ब्वाई' बमभन्दा आइतबार परीक्षण गरेको कोरियाको हाइड्रोजन बम ५ गुणा शक्तिशाली ठानिएको छ, जसमा ४५ हजार जापानी नागरिक मारिएका थिए। अमेरिकी प्रजातन्त्रमा हुर्केको 'फ्याट ब्वाई' को विध्वंसमा आगो, विकिरण, क्यान्सरका कारण २ लाख थप नागरिकको ज्यान गएको थियो। अपाङ्ग, दीर्घरोगी, मानसिक विकार हुनेहरूको लेखा-जोखा छैन। अमेरिकाले त्यही सैन्य-प्रविधिको बलमा विश्वभरि उपनिवेश कायम गर्दै आएको छ। अंग्रेज साम्राज्यवादको 'सूर्यास्त नहुने साम्राज्य' नयाँ रूपमा अमेरिकातिर सरेको छ। नयाँ रूपको अमेरिकी औपनिवेशिकताका विरुद्ध विश्वभरि प्रतिरोध भइरहेको छ। सानो, कमजोर, आर्थिक र सामरिक हैसियत भएको कोरियाले विश्वका सबै साँढेहरूका

... बाँकी पृष्ठ ७ मा

# नेकपाको स्कूलिङ व्यापक बन्दै

■ **अम्बिका चन्द**/काठमाडौँ




साना-ठूला कुनैपनि कार्यक्रम गर्नुपरेमा राजनैतिक दल तथा संघसंस्थाहरूको रोजाईमा सहरका ठूला र महङ्गा होटेलहरू पर्ने गर्दछन्। त्यसैगरी पार्टी प्यालेस र व्यवस्थित हलहरूमा झण्डा-ब्यानर टाँगिन्छन्। तर त्यसको ठीक विपरीत नेकपाले ग्रामीण इलाका काठमाडौं चन्द्रागिरीको दहचोक गते गाउँमा एक हप्ता लामो पार्टी स्कुलिङ चलायो। 'धनरुप-सनराईज स्मृति केन्द्रीय स्कुलिङ' नाम दिइएको उक्त पार्टी स्कुलमा देशभरीबाट २५ जना राजनीतिका विद्यार्थीहरू सहभागी भए। उनीहरूले त्यस पार्टी स्कुलमा दर्शन राजनैतिक अर्थशास्त्र, वैज्ञानिक समाजका अतिरिक्त सौन्दर्य शास्त्र र विज्ञान प्रविधिको बारेमा पनि अध्ययन गरे। पार्टी स्कुलमा पढाउनका लागि वरिष्ठ जलस्रोतविद् एवम् अन्तर्राष्ट्रिय कानुनविद् डा. गोपाल सिवाकोटी 'चिन्तन' देखि जनयुद्धकालीन जनशिक्षालयका प्रमुख गुणराज लोहनीसम्म गते गाउँ पुगे। यस्तै नेपाल-भारतलगायतका देशहरूको सम्बन्ध र त्यहाँका कम्युनिस्ट पार्टीको विषयमा जानकार नेता एवम् नेकपाका अन्तर्राष्ट्रिय विभाग प्रमुख धर्मेन्द्र बास्तोला र अर्थशास्त्रमा दख्खल राख्ने प्राध्यापक रमेश शर्माले मार्क्सवादी विद्यार्थीहरूलाई पढाउन चन्द्रागिरी पुगे। नेकपाको स्कुलिङ विभागले किन ग्रामीण इलाकामा स्कुल चलाउने योजना बनायो त ? स्कुलिङ विभागका सदस्य रणवीर भन्दछन्- 'एकीकृत जनक्रान्तिको कार्यदिशालाई जनतासँग जोड्नको लागि हामीले गाउँमा पार्टी स्कुल चलाउने निर्णय गरेका हौं।' चन्द्रागिरीको गाउँ नै किन पार्टी स्कुलिङको लागि उपयुक्त ठाउँ बन्यो त ? नेकपाका केन्द्रीय सदस्य एवम् शिक्षक गुणराज लोहनी भन्छन्- ' गते गाउँ हाम्रो आधार गाउँ पनि भएको र यहाँबाट देखिने प्राकृतिक दृश्यहरूले पढ्ने पढाउने मनोविज्ञान तयार गर्ने भएकोले हामीले त्यहीँ रोजेका हौं।

गते गाउँमै भेटिएका दाङका मार्क्सवादी शिक्षालयका विद्यार्थी हरि नेपालीले आफ्नो राजनीतिक जीवनको कालखण्डमा सबैभन्दा उत्कृष्ट र विशेष समय भनेको गते गाउँको एकहप्ते स्कुलिङ भएको प्रतिक्रिया दिए। पढ्नको लागि सगरमाथादेखि झोलामा दैनिक आवश्यकीय सामान बोकेर चन्द्रागिरीको गते पुगेका शैलेशले एक हप्ता लामो स्कुलमा दर्शन, विज्ञान-प्रविधिको अध्ययन गरेर आफूले वैचारिक हतियार प्राप्त गरेको बताउँदै दर्शन र व्यवहार बीचको अन्तरविरोध हल गर्नको लागि यो स्कुल निकै महत्वपूर्ण भएको बताए। यस्तै जनकपुरबाट आएका राजु कार्कीले गीत-संगीतको ताल बेगर नाचिरहेकाहरूलाई तालिमले तालमा नाच्न सिकाएजस्तै यो स्कुलले आफूहरूलाई अब तालमा नाच्न, मालेमावादप्रति अझ विश्वस्त बनाउन र सही विश्वदृष्टिकोण निर्माण गर्न निकै प्रेरक बनेको वताए। यस्तै गण्डकको तनहुँबाट पार्टी स्कुलमा सहभागी रुपेशले कलात्मक तरिकाले यसरी भने- 'एउटा बाबुका तीनभाई छोरा रहेछन्। बाबुले तीन छोराहरूको लागि आफूसँग भएको तीन पाथी मकै एक-एक पाथीको दरले वितरण गरिदिएछन्। तिमध्ये एउटाले मकै भुटेर खाजा खाएर सकेछ। अर्कोले बाबाले दिएको धन भनेर काठको बाकसमा साँचेर राख्दा एक वर्षपछि किराले खाएर नष्ट बनाएछ। अर्कोले उक्त मकैलाई बारीमा लगेर रोपेछ र एक बर्षपछि ३ मुरी कमै फलाएछ। ठीक यसैगरी अहिले एकभाई प्रचण्डले मकै भुटेर खाइसक्दैछन्। अर्काभाइ वैद्यले जतनले बाकसमा मकै राख्दा किराले खाएर नष्ट गर्न लाग्यो। अर्काभाइ विप्लवले बारीमा रोपेर उमारेका छन्। विप्लवले बारीमा रोपेको मकैलाई कसरी गोडमेल गर्ने र मलजल गर्ने, सैद्धान्तिक तरिका सिकाएको छ यो पार्टी स्कुलले र मैले यही सिकैं।'

आधारभूत, माध्यमिक र उच्च गरी तीन तहको पाठ्यक्रम नै तयार गरेर भाद्र १३ देखि १९ गतेसम्म सञ्चालन गरिएको उक्त पार्टी स्कुलिङमा दर्शनशास्त्र सुदर्शन, विज्ञान र प्रविधि गुणराज लोहनी, वैज्ञानिक समाजवाद रणवीर, राजनैतिक अर्थशास्त्रको विषय गोपाल शिवाकोटी 'चिन्तन', रमेश शर्मा र गम्भिरले पढाएका छन्। यस्तै सैन्य विज्ञानको बारेमा पूर्व जनसेना कमाण्डर प्रज्वलनले पढाएका छन्। स्कुलिङको कक्षा समयबाहेक बाँकी समय सहभागीहरूले स्थानीय जनतासँग अन्तरक्रिया र छलफल चलाएर सिद्धान्तलाई व्यवहारमा जोड्ने प्रयत्न गरेका छन्।

.एक हप्ता लामो स्कुलिङको मंगलबार समापन गर्दै नेकपाका स्थायी समिति सदस्य तथा स्कुलिङ विभाग प्रमुख हेमन्तप्रकाश ओली 'सुदर्शन' ले नेपालमा विचारको निकै खडेरी परेको बताउँदै नवसंशोधनवादका विरुद्धको लडाईंमा यो पार्टी स्कुलले नेपालमा क्रान्ति हुन्छ भन्ने विश्वास गरेको बताए। साथै कम्युनिस्ट दर्शनलाई जनतासँग जोडेर जान आवश्यक भएको भन्दै अब देशभरी नै पार्टी स्कुल सञ्चालन गरी पार्टीका नेताकार्यकर्ताहरूलाई राजनैतिक र वैचारिक रुपले माथि उठाउने योजना रहेको पनि सुदर्शनको भनाई छ।

यसैबीच मंलगबार नै माओवादी केन्द्र, क्रान्तिकारी माओवादी र स्वतन्त्रबाट गरी ५ जना नेकपामा प्रवेश गरेका छन्। स्कुलिङ विभागको समापन समारोहको अवसरमा नेकपाका पूर्वी कमाण्ड इन्चार्ज सुदर्शन र उपत्यका विशेष ब्युरो इन्चार्ज माइला लामाले नवप्रवेशीहरूलाई टिका र दोसल्ला ओढाएर पार्टी प्रवेश गराए। पार्टी प्रवेश गर्नेहरूमा मंगल रोका, कमला रोका, रोहित हमाल, निर्माण बुढा र रामकृष्ण रोका रहेका छन्। यस्तै जनयुद्धका घाइतेयोद्धा सागर खड्कालाई सम्मान गरिएको थियो।

# रोल्पा अझै गीत गा

■ **रातो खबर संवाददाता**/काठमाडौँ

रोल्पा परिवर्तन, विद्रोह, प्रतिरोध र क्रान्तिको नवीन प्रतिबिम्ब हो। विभीषण प्रवृत्तिका कारण एउटा दशक हुन लाग्यो, रोल्पा मौन छ, अमूक-अमूक छ। रोल्पाको मौनताभित्र पीडा, आक्रोस, छटपटी, अविश्वास, आँसु, अकर्मण्यता सबथोक घालमेल देख्न सकिन्छ। रोल्पाको त्यो कोलाज कहिले कताबाट विष्फोट हुने हो, थाहा छैन।

कवि अमर गिरीले २०५१ सालतिर गाएझैं रोल्पा फेरि गाउन खोज्दैछ। रोल्पा पाखा-पखेरा आफ्नो लयमा फर्कन खोज्दैछन्। रोल्पामा अहिले नेकपाद्वारा 'संगठन सुदृढीकरण एवं प्रतिरोध अभियान' चलाइएको छ। शुक्रबार माडी गापा २, (साविक घर्तीगाउँ) मा भव्य जनसभाका बीचमा रोल्पाली नेता नन्दबहादुर घर्तीले सो अभियानको उद्घाटन गर्नुभएको छ। कार्यक्रमको अध्यक्षता जिल्ला सचिव जागृति र सञ्चालन दलित मुक्ति आन्दोलनका नेता टिकाराम परियारले गर्नुभएको थियो। सो तीन महिने अभियान शनिबार चर्चित गाउँ होलेरी पुगेको थियो। होलेरीमा पनि भव्य जनसभा भएको नेकपा, रोल्पाले जानकारी दिएको छ। सोमबार होलेरीबाट अभियान टोली २० साउनमा जुगार पुगेको र बुधबार २२ गते जिनाबाङको सुखाओदार पुग्ने नेकपाका केन्द्रीय सदस्य तथा अभियान टोलीका नेता नन्दबहादुर बुढाले बताउनुभएको छ। अभियान टोली सभा, बैठक, प्रचार-प्रसार, पींढिसभा, वालिङ गर्दै अगाडि बढेको बताइएको छ।

# कोशी उच्च बाँधको विरोध



■ **रातो खबर संवाददाता**/काठमाडौँ

प्रम शेरबहादुर देउवाको भारत भ्रमणको क्रममा देउवा-मोदीका बीचमा सहमति भएको कोशी उच्च बाँधसम्बन्धी सहमतिको नेकपाले चर्को विरोध गरेको छ। नेकपा, कोशी ब्युरोद्वारा आइतबार धरानमा आयोजित पत्रकार भेटघाटमा ब्युरो इन्चार्ज राजेन्द्र कार्की 'नवीन' ले सो विरोध गरेका हुन्। नेकपाले उच्च कोशी बाँधले सुनसरी, धनकुटा र उदयपुर जिल्लाको कमजोर भू-बनोट रहेको चुरेक्षेत्र जोखिममा पर्ने र तराईमा कुनै पनि समय अकल्पनीय बाढी र डुबान निम्तन सक्ने जोखिमप्रति सचेत गराएको छ। भौगर्भिक विज्ञहरूले चुरे भावर क्षेत्रको जमिनले ठूलो भारवहन गर्न नसक्ने यथार्थप्रति दुवै देशका सरकारको ध्यान नजानुलाई आपत्तिजनक भनेको छ। सो बाँधका कारण कोशीका जलाधार क्षेत्रहरू भोजपुर, सिन्धुली, ओखलढुंगा, रामेछाप, खोटाङ, तेह्रथुम, पाँचथर, संखुवासभाका भू-भाग डुबानमा पर्दा लाखौं नागरिक विस्थापित हुने र उनीहरूको भविष्य के

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# कोरियामाथि हस्तक्षेप बन्द गर

आइतबार जनगणतन्त्र कोरियाले छैठौं पटक हाइड्रोजन बमको परीक्षण गरेको छ । पुँजीवादी देशका ठूला र कहलिएका गुप्तचर संस्थाहरूले परीक्षणका कारण भूकम्प पैदा भएपछि मात्र सूचना पाए । जुन परीक्षण सन् १९४५ अगस्तमा अमेरिकाले जापानमा खसालेको बमभन्दा ५ गुणा शक्तिशाली ठानिएको छ । हाइड्रोजन बम परीक्षण हुनु एकाधिकार पुँजीवादको लागि चिन्ताको विषय त हो नै त्योभन्दा ठूलो चिन्ताको विषय के हो भने त्यत्रो हाइड्रोजन बम परीक्षण गरिसक्दासमेत पुँजीवादी प्रविधि, सेना र अनुसन्धानकर्ताले अत्तोपत्तो पाएनन् । परीक्षणका कारण पृथ्वीमा आएको कम्पन र त्यसलगत्तै कोरियाली सरकारी सञ्चारले परीक्षणका तस्बिर सार्वजनिक गरेपछि मात्र पत्तो पाए । यो परिस्थिति विश्वशक्तिका लागि भयानक लज्जा र त्रासदीमय बन्न गएको छ । यसबाट प्रश्न उठ्छ – कोरियाको परीक्षण दक्षिण कोरिया अथवा जापानमा प्रहार गरेको हुन्थ्यो भने अमेरिकी गठबन्धनको अवस्था कस्तो हुन्थ्यो होला ? यही प्रश्नको भूतले पुँजीवादी संसार आतंकित भएको छ ।

आज औपचारिक रूपले हाइड्रोजन बम निर्माण गरेका १२ वटा देशहरू छन् । औपचारिक रूपले त्यत्तिकै संख्यामा थप देशहरूले आणविक अस्त्र तथा ऊर्जा उत्पादन गरिरहेका छन् या प्रयास गरिरहेका छन् । आणविक बम ग्रहण गर्ने कोरिया एक्लो देश होइन, जसका कारण कोरियाप्रति पूर्वाग्रह साँध्नुपर्ने कुनै तार्किक कारण छैन । जहाँसम्म जिम्मेवार शक्तिको प्रश्न छ, आज व्यावहारिक रूपले नै विश्वमा अमेरिका नै सबैभन्दा गैर-जिम्मेवार र आतङ्क निर्यातक देशका नाममा बद्नाम भएको छ । आजसम्म अमेरिकाबाहेक अरू कुनै देश र संस्थाले यस्तो आम विनासकारी हतियार प्रयोग गरेको छैन । अमेरिकाले भन्ने गरेको कथित 'जिम्मेवार' आणविक क्षेत्रमा एकाधिकार कायम गरेर त्यसको दबावमा संसार लुट्ने मनसायबाहेक अरू केही होइन । तसर्थ, पुँजीवादी दादागिरी अन्त हुनुपर्छ र कोरियामाथिको धम्की अविलम्ब बन्द गरी वार्ताको माध्यमबाट शान्तिपूर्ण समाधानको खोजी हुनुपर्छ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# राजनीतिक विज्ञानमा नयाँ अन्वेषण


अमर झाँक्री 'सञ्जीव'

*संसारका हरेक वस्तुहरु विपरीतहरुको एकत्व मानिरहेका छन् तर त्यही कुरा दुईलाइन संघर्षमा हु बहु लागु हुन सक्दैन अर्थात् दुई लाइन संघर्ष सजातीय हुनुपर्दछ । यो यसकारणले कि एउटा राजनीतिक पार्टी अझ त्यसमा पनि क्रान्तिकारी कम्युनिस्ट पार्टी जसले समाज रुपान्तरणको तरिका मात्रात्मक गतिबाट होइन, गुणात्मक गति अर्थात् क्रान्तिद्वारा हुने कुरा स्वीकार गर्दछ र प्रयोगको तहमा पुऱ्याउँछ । त्यसका लागि सिंगो पार्टीमा एकता चाहिन्छ ।*

आज विश्वव्यापी रूपमा देखा परिरहेको यस प्रकारको अन्तरविरोधको एकमात्र समाधान भनेको विद्यमान संसदीय पुँजीवादी व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्थाको निर्माण गर्नु हो । जहाँ उत्पीडित वर्ग, जाति, लैङ्गिक, क्षेत्र र समुदायका बीचका अन्तरविरोधहरू रहने छैनन् । वर्गविहीन समाजको निर्माण हुनेछ । जहाँ मानव जातिलाई वैज्ञानिक साम्यवादमा लैजान प्रशिक्षित गर्ने विचार र कार्यविधिको प्रयोग गरिनेछ । आज समाजवादी व्यवस्था स्थापनार्थ संसारभरका जनसमुदायले साम्राज्यवाद तथा त्यसद्वारा निर्देशित शासन व्यवस्थाका विरुद्ध विभिन्न विद्रोह, युद्ध र क्रान्तिहरू संगठित गर्दै आइरहेका छन् । तर ति क्रान्तिले साम्राज्यवादी शासन व्यवस्था माथि विजय हासिल गर्न सकेका छैनन् । अझ महत्वपूर्ण विषय के छ भने विगमा संसारका एकतिहाई भूभागमा स्थापना गरिएका समाजवादी सत्ताहरूमा प्रतिक्रान्ति हुन पुगेको छ । यो एउटा गम्भीर विषय बन्न पुगेको छ । विश्वमा समाजवादी सत्ताहरूमा भएका प्रतिक्रान्ति र माओको निधनपश्चात विश्वव्यापी रूपमा संचालन गरिएका क्रान्तिहरूले आफ्नो विजय सुनिश्चित गर्न नसक्नुका बारेमा विश्वव्यापी रूपमा गम्भीर समीक्षा र अध्ययन अन्वेषण चलिरहेको छ । प्रचण्ड-बाबुरामहरूले जनयुद्धलाई विचमै अलपत्र छोडेर जब संसदवादका सामु आत्मसमर्पण गर्न पुगे तब पार्टीमा यसले मूर्त रूपमा बहसको रूप लिन पुग्यो । जनयुद्ध कालमा पनि हामीले क्रान्ति, प्रतिक्रान्ति र पुनः नयाँ क्रान्तिको बारेमा बहसहरू संचालन गरिरहेका थियौं । त्यसप्रकारको बहसमा सहभागी नेतृत्वहरूले नै पुनः प्रतिक्रान्तिको सेवा गर्न पुगेको सन्दर्भमा यो बहसले पुनः विश्वव्यापी र नेपालमा पनि नयाँ रूप र आकार लिन थाल्यो । शान्तिप्रक्रियामा प्रवेश, पार्टीमा चलेका दुईलाइन संघर्षहरू तथा एकता र फूटका घटनाक्रमहरू सहिद वेपत्ता योद्धाहरूले देखाएको बाटो स्मरण गर्दै वर्तमान नेपाली समाजका अन्तरविरोधहरूको पहिचान र समाधानका साथै एउटा वैज्ञानिक समाज जहाँ समानता, स्वाधीनता, समृद्धि र शान्तिसहितको विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने नेपालको निर्माण लगायतका विषयहरूमा बहसहरू केन्द्रित हुन पुगे । यसको निचोड हामीले के निकाल्यौं भने क्रान्तिको पूर्ण सफलता र त्यसलाई प्रतिक्रान्तिबाट रक्षा गर्दै निरन्तर क्रान्तितर्फ जानका लागि हामीले दर्शन, राजनीति, संगठन र अर्थ प्रणालीका साथै कार्यदिशा पनि विकास गर्न आवश्यक छ । उपरोक्त निष्कर्षलाई पूर्णता दिनका लागि हाम्रो पार्टीले महासचिव क. विप्लवको नेतृत्वमा सामान्यतः शान्ति प्रक्रियाको झण्डै एक दशक र मुख्यतः दुई वर्षको बहसपश्चात भएको आठौं महाधिवेशनमा केही अन्वेषण गर्न सफल भएको छ । त्यसबारे यहाँ संक्षिप्त चर्चा गरिनेछ ।

**दर्शनबारे** : दर्शन भनेको समाजलाई हेर्ने बुझ्ने र बदल्ने दृष्टिकोण हो । जसलाई महान् गुरु कार्लमार्क्सले – "संसारलाई व्याख्या गर्ने दार्शनिकहरू त हजारौं छन् तर मूल कुर बदल्नु हो" भनेका छन् । दर्शनको यो प्रयोग लेनिन, स्टालिन, माओ हुँदै हामीले पनि प्रयोग गर्दै आयौं । आठौं महाधिवेशनको निष्कर्ष के रहेको छ भने अब बुझ्ने र बदल्नेले मात्रै पुग्दैन किनकि समाजवादी सत्ताहरू त टिक्न सकेनन् जो लाखौ मानिसहरूको त्याग, वीरता र वलिदानपश्चात प्राप्त भएका थिए । त्यसकारण अब दर्शनमा विकास र रक्षा गर्नुपर्छ भन्ने कुरा थपेका छौं । यसले विगतमा समाजवादी सत्ताहरूमा प्रतिक्रान्ति किन र कसरी भयो र आगामी दिनमा प्रतिक्रान्तिबाट समाजवादी सत्ताहरूलाई कसरी रक्षा गर्न सकिन्छ भन्ने कुराको विहंगम अध्ययन गर्न मद्दत पुग्नेछ । दर्शनकै क्षेत्रमा अर्को महत्वपूर्ण कुरा 'विपरीतहरूको एकत्व' बारे पनि नयाँ अन्वेषण गरिएको छ । संसारका हरेक वस्तुहरू विपरीतहरूको एकत्व मानिरहेका छन् तर त्यही कुरा दुईलाइन संघर्षमा हु बहु लागु हुन सक्दैन अर्थात् दुई लाइन संघर्ष सजातीय हुनुपर्दछ । यो यसकारणले कि एउटा राजनीतिक पार्टी अझ त्यसमा पनि क्रान्तिकारी कम्युनिस्ट पार्टी जसले समाज रूपान्तरणको तरिका मात्रात्मक गतिबाट होइन, गुणात्मक गति अर्थात् क्रान्तिद्वारा हुने कुरा स्वीकार गर्दछ र प्रयोगको तहमा पुऱ्याउँछ । त्यसका लागि सिंगो पार्टीमा एकता चाहिन्छ । त्यसले नेता कार्यकर्ता र जनतालाई एकतावद्ध गर्न सक्नुपर्दछ । एउटै पार्टीमा बसे विपरीत तर्क गर्ने जस्तो कि क्रान्ति हुन्छ कि हुँदैन ? गर्नुपर्छ र पर्दैन भन्नु गलत हुन पुग्दछ । पार्टीमा विपरीतहरूको एकत्वलाई अन्य वस्तुहरूमा झैं प्रयोग गरिरहँदा एकातिर पार्टीमा निरन्तर फूट भैरहन्छ भने अर्कोतर्फ आफ्नो स्वार्थअनुसार मानिसहरू कहाँ पुग्छन् भन्ने कुरा प्रचण्ड बाबुमको व्यवहारले स्पष्ट गर्दछ । आज उनीहरू विपरीतहरूको एकत्वको गलत परिभाषाका कारण उत्पीडित श्रमजीवी वर्गको मुक्तिको वर्गदृष्टिबाट च्यूत भै संसदवादीहरूसँग घाँटी जोड्न पुगेका छन् ।

**राजनीतिक प्रणालीबारे** : विश्व समाजवादी आन्दोलनमा कम्युनिस्ट प्रतिनिधिहरू जनताबाट प्रत्यक्ष रूपमा चुनिने सन्दर्भमा केही समस्याहरू विद्यमान थिए । अहिले हामीले प्रत्यक्ष जनताबाट निर्वाचित हुने प्रणालीको प्रयोग गर्ने कुरा उठाएका छौं । साँचो अर्थमा राष्ट्र र जनताको पक्षमा निरन्तर संघर्षरत पार्टीका नेता तथा कार्यकर्ताहरूले यो हिम्मत गर्नै पर्दछ कि उनीहरूसँग आफ्नो व्यक्तिगत स्वार्थ केही छैन, उनीहरू केवल राष्ट्र र जनताको भलाईका लागि समर्पित छन् यो कुरा जनतालाई विचारधारात्मक रूपले बुझाउने, जनताको जीवनमा परिवर्तन आउने गरी अग्रगामी योजनाहरू तर्जुमा गर्ने कुराहरूलाई सुनिश्चित गरियो भने कम्युनिस्टहरू जनतामा लोकप्रिय हुनेछन् । उनीहरू आफ्ना नीति कार्यक्रममार्फत् जनताबाट निर्वाचित हुनेछन् । यसमा अझ महत्वपूर्ण कुरा के छ भने विगतमा वैज्ञानिक समाजवादमा सम्पूर्ण सम्पत्ति राज्यको स्वामित्वमा हुने कुरा गरिएको थियो । हामीले अहिले एउटा निश्चित अवधिसम्म सम्पत्ति राख्न पाउने स्वतन्त्रता दिइनुपर्दछ भनेका छौं । त्यहाँ नेताले कुनै व्यक्तिगत सम्पत्ति राख्ने छैनन् । कार्यकर्ताहरूले आंशिक रूपमा राख्नेछन् भने जनताहरू धनी हुनेछन् । नेता/कार्यकर्ताहरूको जीवन वैभव र विलाशितापूर्ण हुनेछैन । सरल र पारदर्शी हुनेछ । राज्यले सम्पूर्ण कुराको ग्यारेन्टी गर्दै जाँदा व्यक्तिगत पुँजीको महत्व स्वतः घट्नेछ र जनता निश्चित समयपश्चात समाजवादी प्रणालीमा प्रवेश गर्नेछन् । यस कुरालाई केन्द्रविन्दुमा राखेर समाजवादी व्यवस्थाले आफ्नो निर्देशक सिद्धान्त प्रतिपादन गर्नेछन् । यसले भ्रष्टाचार रोकिनेछ भने अर्कोतर्फ राजनेता र जनसम्बन्धमा एकअर्कामा नङ र मासुको सम्बन्ध कायम गर्नेछ ।

**संगठनात्मक सिद्धान्तबारे** : क्रान्तिकारी विचार र राजनीतिलाई एउटा भौतिक शक्तिमा बदल्ने माध्यम वा प्रक्रिया भनेको संगठनको प्रभावकारी निर्माण र परिचालन हो यसप्रकारको प्रभावकारिता बिना कुनैपनि राजनीतिक आन्दोलन सफल हुन सक्दैन । त्यस्तो संगठन जसले क्रान्तिकारी विचार र राजनीतिलाई पूर्णता दिन र आम जनसमुदायलाई एकतावद्ध गर्ने कुरामा नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् यस सिलसिलामा समाजवादी सत्ता प्राप्तिका लागि लडिरहेका पार्टीहरूले विगतदेखि वर्तमानसम्म छलफलमा स्वतन्त्रता, काम कारबाहीमा एकरूपता अर्थात् "सामूहिक निर्णय, व्यक्तिगत उत्तरदायित्व" मा आधारित जनवादी केन्द्रियताको संगठनात्मक सिद्धान्तको प्रयोग गर्दै आइरहेका छन् । जसमा व्यक्त संगठनको अधिनस्त, अल्पमत बहुमतको अधिनस्त, तल्लो कमिटी उपल्लो कमिटीको अधिनस्त र सिंगो कमिटी महाधिवेशन/राष्ट्रिय सम्मेलनको अधिनस्त रहने गर्दछ । हामीले त्यसमा आवधिक प्रणाली थप गरेका छौं । अब सम्पूर्ण तहका कमिटीहरूमा रहेका नेता/कार्यकर्ताहरूले केवल दुई कार्यकाल कार्य गर्न पाउँछन् । यसले सबै तहको र मुख्यतः केन्द्रीय नेतृत्वमा रही जीवनको अन्तिम क्षणसम्म पार्टी वा सरकारको नेतृत्वमा रहिरहने प्रक्रियालाई अन्त्य गर्नेछ र नयाँ पुस्ताहरूको हजारौं उत्तराधिहरूको निर्माण र परिचालन मार्फत् सामाजिक क्रान्तिलाई गतिशील र जीवन्त तुल्याउन मद्दत गर्नेछ । नेपाली कम्युनिस्ट आन्दोलनको एउटा दुःखान्त पक्ष के रही आएको छ भने मूल नेतृत्वले सचेतन प्रयत्नद्वारा आफ्नो उत्तराधिकारीहरू निर्माण गरी पदीय जिम्मेवारी हस्तान्तरण गर्न नसक्ने र नयाँ पुस्ताले नेतृत्व लिनका लागि मूल नेतृत्वका विरुद्ध विभिन्न आरोपहरू थोपर्ने गुटबन्दी गर्ने र आफू त्यहाँ पुग्ने परिपाटी देखिएको छ । अबका दिनमा नेपाली कम्युनिस्ट आन्दोलनले त्यसप्रकारको खराब नियति व्यहोर्नुपर्ने छैन । पार्टी एउटा संस्थागत प्रणालीद्वारा परिचालित हुनेछ । पार्टी र क्रान्तिका लागि हजारौं उत्तराधिकारीहरू तयार हुनेछन् र उनीहरूले युगानुकूल पार्टी, क्रान्ति र समाजको कुशलतापूर्वक अगुवाई गर्नेछन् ।

**कम्युनिस्ट संस्कृतिबारे** : हामी कम्युनिस्ट समाज निर्माणका लागि संघर्षरत छौं । करिब ७ दशक लामो नेपाली कम्युनिस्ट आन्दोलनमा विभिन्न वैधानिक-अवैधानिक संघर्षहरू संचालन गरिए । ती संघर्षहरूमा ठूला-ठूला वलिदानहरू हुने गरेका छन् । तर कम्युनिस्ट संस्कृति निर्माणमा हाम्रो चेतना अग्रगामी हुन सकेन फलतः कम्युनिस्ट पार्टीका नेता कार्यकर्ताहरू विचारमा कम्युनिस्ट हुने तर संस्कृतिमा आध्यात्मक हुने समस्याहरू देखा पर्दै आएका छन् । व्यवहारतः आफू कम्युनिस्ट हुने आफ्ना परिवारहरू विभिन्न धर्ममा आवद्ध हुने गरेका छन् । त्यसप्रकारको अन्तरविरोधी समस्याहरूले गर्दा सिंगो समाजलाई विकेन्द्रित गर्न पुगेको छ । त्यसप्रकारको समस्यालाई हल गर्न आठौ महाधिवेशनले कम्युनिस्ट संस्कृतिबारे ३ ओटा निर्णय गरेको छ । पहिलो : जिन्दगीभर पार्टी, क्रान्ति, राष्ट्र र जनताका लागि समर्पित भई उमेर अवस्थाले पाका भएका कमरेडहरूलाई व्यवस्थापन गर्ने निर्णय, उनीहरूको भरणपोषण, औषधीउपचार लगायतका समस्याहरूलाई पार्टीले हल गरिदिनुपर्दछ । दोस्रो : समग्र परिचालनलाई संस्थागत गर्नुपर्दछ । सम्पूर्ण तहका कमिटीहरूको आर्थिक परिचालन विभागीय प्रणालीद्वारा हल गर्नुपर्दछ । नेता, कार्यकर्ताहरूको जीवन सरल र जनतासँग एकाकार हुने गरी अगाडि बढ्नु पर्दछ । तेस्रो : हरेक गाउँमा शहीद स्मृति भवनहरू निर्माण गरिनु पर्दछ, जहाँ कम्युनिस्ट आन्दोलनमा वीरतापूर्ण शहादत प्राप्त गर्ने शहीदहरूलाई स्मरण गर्न सकियोस्, त्यतिमात्र होइन, आम जनसमुदायले आफ्ना दिवंगत पिता-पुर्खाहरूको स्मरण पनि त्यहाँ गर्न सकिने व्यवस्था गरिनुपर्दछ । यसरी सिंगो समाजलाई कम्युनिस्ट संस्कृतिद्वारा अगाडि बढाएर कम्युनिस्ट सत्तालाई दिगो र स्थायित्व प्रदान गर्न सकिन्छ ।

**क्रान्तिकारी कार्यदिशाको थप समृद्धिबारे** : क.किरणसँग एउटै मोर्चामा रहँदा नै छलफल र बहसका लागि तत्कालीन पार्टीका सचिव क.विप्लवद्वारा तयार गरिएको 'एकीकृत जनक्रान्तिको कार्यदिशा'को प्रस्ताव पेस गर्नुभएको थियो । पार्टीमा छलफल चल्दै गर्दा पार्टी विभाजन हुन पुग्यो । पार्टी विभाजन पश्चात दाङमा पार्टीको प्रथम राष्ट्रिय सम्मेलनले उक्त कार्यदिशालाई बहस पश्चात पारित गर्न पुग्यो । जसले आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विषद व्याख्या सहित क्रान्तिको कार्यनीति र रणनीतिको तर्जुमा गर्न पुग्यो । आजको उत्तर साम्राज्यवादी भूमण्डलीकरण, सूचना संचारको विकास तथा समाजको आजको यथार्थलाई अध्ययन गर्दा अब विगतमा गरिएका क्रान्तिका मोडलहरूबाट मात्र क्रान्ति सम्भव छैन । अल्पकालिन सशस्त्र विद्रोह र दीर्घकालीन जनयुद्धको कार्यदिशा आजको परिवेशमा अपर्याप्त मात्र होइन त्यसको यान्त्रिकिकरण मात्र हुन पुग्दछ । सामाज विज्ञानले पुष्टि गरेको कुरा यो रहेको छ कि एउटा देशमा प्रयोग गरिएको कार्यदिशा अर्को देशमा हु बहु लागु हुन सक्दैन । इतिहासमा सम्पन्न क्रान्ति र प्रतिक्रान्तिका गहन शिक्षाहरू एवं नेपाली क्रान्तिका तत्कालीन नायकहरूमा देखा परेको अकल्पनीय विश्वासघातले पनि मौलिक कार्यदिशा निर्माणमा महत्वपूर्ण आधारको काम गरेको छ । एकीकृत जनक्रान्ति जसलाई हामीले आजको युगको एउटा वैज्ञानिक र वस्तुवादी कार्यदिशाका रूपमा बुझेका छौं । जसका विशेषताहरू निम्न रहेका छन् – (क) भूपरिवेष्ठित अजस्था (ख) गाउँ र शहरको निकट सम्बन्ध (ग) मध्यम वर्गको विकास (घ) जाति, जनजाति र दलित जातिको बसोबास (ङ) दलाल पुँजीवादको प्रभुत्व (च) देशभक्त शक्तिको प्रभाव (छ) विज्ञान प्रविधिको विकास । यी विशेषताहरूको तथ्यहरूमा टेकेर निर्माण गरिने योजनाहरूले मात्र आजको क्रान्ति सम्पन्न गर्न सकिन्छ ।

समष्टिमा अध्ययन गर्दा यो निष्कर्षमा पुग्न सकिन्छ कि आजको उत्तर साम्राज्यवादले विकास गरेका क्रान्ति विरोधी रणनीति तथा कार्यनीतिहरूको सही ढंगले अध्ययन र संश्लेषण एवं हाम्रो आफ्नै सामाजिक परिवेशका आधारहरूमा टेकेर गरिएका नयाँ अन्वेषणहरू जसले समाजवादी क्रान्तिका सफलता, त्यसलाई प्रतिक्रान्तिबाट रक्षा गर्दै निरन्तर मावनजातिलाई साम्यवादी बाटोमा पुऱ्याउन मद्दत गर्नेछ । यस अर्थमा पार्टीको ८ औं महाधिवेशन दूरगामी हुने कुरा निश्चित छ ।

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
न्यू कमल सप्लायर्स
भरतपुर महानगरपालिका–३, कमलनगर
नारायणगढ, चितवन

# सडकमा बृहत् अन्तरक्रिया




यही भदौ २९ गते नेपाल कम्युनिस्ट पार्टी, नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (मसाल) लगायत ९ पार्टी तथा संगठनको आयोजनामा काठमाडौं, रत्नपार्कस्थित शान्तिबाटिकामा सडकमै 'प्रमको भारत भ्रमण र राष्ट्रियताको प्रश्न' विषयक बृहत् अन्तरक्रिया सम्पन्न भएको छ। प्रम देउवाको भारत भ्रमणको क्रममा देउवा-मोदी ४६ बुँदे सहमतिको विरुद्धमा भएको सोही 'सडक अन्तरक्रिया' मा केही वक्ताका भनाइको सम्पादित अंश यहाँ प्रस्तुत गरिएको छ - झनक श्रेष्ठ

## दलालहरूको दरबार सिंहदरबारमा बम हान्नुपर्छ - धर्मेन्द्र बास्तोला, नेता, नेकपा



प्रम भारतसँग गरेका ४६ बुँदे सहमति राष्ट्रहितको विरुद्ध भएका कारण त्यसको विरोध गर्न हाम्रो पार्टीसँग यहाँ उभिएको छ। सार्वभौम राष्ट्रको सेनालाई घुमाउरो भाषामा भारतीय सेनाको हातमा राख्ने आपत्तिजनक सहमति गरेर देउवा फर्केका छन्। जनताले देउवा-मोदी सहमति खारेज गर्नुपर्छ। प्रमले कालापानी, लिपुलेकबाट भारतीय सेना हटाउने विषय उठान नै गरेनन्। देशको चाबी र सम्पत्ति भारतलाई सुम्पने चुनावमा जाँदा देशको विकास गर्छु भनेर जनतालाई मूर्ख बनाउने गरेका छन्। सानो देश भएर विकास नहुने होइन। युरोपमा साना देशहरू नै विकसित छन्। त्यसैले युरोपका देशहरूले सीमा अतिक्रमण गर्दैनन्। दलालहरूको दरबार सिंहदरबा मा बम हान्नुपर्छ। यी देश बेचुवाहरू हुन्। यिनीहरूलाई देशको माया छैन।

## माकेले निरन्तर राष्ट्रघात गरिरहेको छ - रामसिंह श्रीस, नेकपा (क्रान्तिकारी माओवादी)



राजनीतिक समस्या मूल समस्या हो। विगतको राष्ट्रघात जनघातमा प्रम देउवाले पनि निरन्तरता दिएका छन्। २०७४ सालदेखि माओवादी केन्द्रले सरकारमा बसेर निरन्तर राष्ट्रघात गर्दै आएको छ। त्यसका विरुद्ध दृढतापूर्वक संघर्षमा जानुपर्छ। हाम्रो संघर्ष दलाल तत्वका विरुद्ध केन्द्रित हुनुपर्छ।

## देशभक्तहरू मिलेर लड्नुपर्छ - रामप्रकाश पुरी, नेता, नेकपा (मसाल)



नेपाललाई भारतले उसको सुरक्षा एकाइको रूपमा हेरेको छ। यहाँका नेताहरू कुर्सी स्वार्थका लागि भारतसमक्ष लम्पसार गर्ने गरेका छन्। राणाहरूले कुर्सी स्वार्थकै लागि सन् १९५० को सन्धि गरेका थिए। कुर्सीकै लागि उनीहरूले गण्डक नहर सम्झौता, कोशी सम्झौता, माथिल्लो कर्णाली सम्झौता, अरूण तेस्रो सम्झौता गरेका छन्। भारतले सीमा क्षेत्रमा बनाएका बाँध र सडकका कारण नेपाल डुबिरहेको छ तर शासकहरू एक शब्द बोल्दैनन्। नागरिकता, संविधान हरेक विषयमा भारतले हस्तक्षेप गर्दै आएको छ। नेपालमा क्रान्तिकारी र देशभक्तहरू मिलेर अगाडि बढ्न आवश्यक छ।

## तिलाठीको भारतीय बाँध भत्काउनुपर्छ - बुद्धिनारायण श्रेष्ठ, सीमाविद्



दक्षिण सीमानामा पूर्व र पश्चिम तीनैतिर भारततिर सीमा विवाद छ। भारतले नेपाल डुबाउने, चाहिएको जति पानी लग्ने, अरू छोड्ने गर्छ। तिलाठीमा बनाएको भारतीय बाँध सम्झौता खारेज गर्नुपर्छ। नेपाल डुबानमा परेको छ। त्यसलाई समाधान गर्ने भन्नुपर्नेमा एकआपसमा मिलेर काम गर्ने भनिएको छ। अन्तर्राष्ट्रिय कानुनअनुसार पनि भारतले सिमानामा बनाएका बाँधहरू गैर-कानुनी छन् तर प्रम देउवाले भारतमा त्यो विषय उठाउन सकेनन्। सुस्तामा भारतले नेपालको १४९ वर्ग किलोमिटर जमिन अतिक्रमण गरेको छ। सरकारले आफ्नो जमिनको सुरक्षा गर्न सकेन।

## आम नागरिकलाई सैन्यकरण गर्नुपर्छ - हिरण्यलाल श्रेष्ठ, परराष्ट्रविद्



नेपालमा अहिले अंगीकृत नागरिकहरूको हैकम चलेको छ। सुरक्षाको दृष्टिले पनि यो समस्याको विषय हो। हरेक प्रम भारत जाँदा अंगीकृतको पक्षमा बोलेर आउने गरेका छन्। नेपालमा जनसांख्यिक अतिक्रमण गर्ने, नेपाललाई नेपालभित्रै अल्पमत पार्ने र अन्ततः सिक्किम बनाउने रणनीति भारतको देखिन्छ। प्रम देउवाको भ्रमणले पनि त्यसैलाई मलजल गरेको छ। जनताले 'पहाडिया, मधेसी भाइभाइ, सीमापारिका बाईबाई' भनेका छन्। डुबान र अतिक्रमणका कारण सीमा क्षेत्रमा समस्या छ।

तराई डुबानमा पर्दा मधेसी नेता भनिने, दावी गर्ने नेताहरू बोल्दैनन्। तिनीहरू कसरी मधेसी नेता हुन्छन् ? तिनीहरू त लैनचौरका नेता हुन्। जनताले उनीहरूलाई लैनचौरका नेता भन्छन्। प्रमले मोदीसँग गरेको सहमतिमा नेपाली सेना र भारतीय सेना मिलेर काम गर्ने भनेको डोक्लाम विवादमा नेपाल भारतको पक्षमा उभिन्छ भनेको हो। यो आपत्तिजनक छ। कालापानीमा भारतीय सेना छ। त्यो नेपालको भू-भागबाट भारतीय सेना हटाउनुपर्छ तर संयुक्त विज्ञप्तिमा त्यो पाइएन। मुद्दा नै छोडे जस्तो भयो। चीन र भारतको सम्बन्ध बिग्रनुमा विखण्डनकारी दलाई लामाको हात छ। त्यसप्रकारका विखण्डनकारी तत्वप्रति नेपाल सचेत रहनुपर्छ। देशभक्ति नभईकन देशको रक्षा हुन सक्दैन। देशको सुरक्षाको लागि १८ वर्षमाथिका सबै नागरिकलाई सैन्य तालिम दिनुपर्छ। त्यसले मात्र नेपालको बाह्य सुरक्षा सम्भव छ। नेपाली सेनाले मात्र नेपालको सुरक्षा सम्भव छैन। अब नेपालको सुरक्षाको लागि नेपालीले त्यसरी सोच्नुपर्छ। जनताको मत खरिद गर्न एमालेका बिष्णु पौडेलले २५ करोड, डा. बाबुराम भट्टराईले १५ करोड लिएका छन्।

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शिवराज लामिछाने
शिव पुस्तक पसल
सहिदचोक, नारायणगढ, चितवन

# देउवा-मोदी ४६ बुँदे सहमति-पत्र

१. नेपालका सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा र डा. आरजु राणा देउवा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा २३ देखि २७ अगस्तसम्म त्यस भारत भ्रमण क्रममा हुनुहुन्छ। भ्रमण दलमा नेपालका उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कृष्णबहादुर महरा, नेपालका अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, नेपालका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीतेन्द्रनारायण देव, वाणिज्यमन्त्री मीनबहादुर विश्वकर्मा, सांसदहरू तथा नेपाल सरकारका अन्य उच्च पदस्थ अधिकारीहरू संलग्न हुनुहुन्छ।

२. नेपालका प्रधानमन्त्रीलाई राष्ट्रपति भवनको प्रांगणमा अगस्त २४ मा विशिष्ट सम्मानका साथ स्वागत गरिएको थियो। देउवाले सोही दिन महात्मा गान्धीको समाधिस्थलमा पुगेर गान्धीप्रति श्रद्धा प्रकट गर्नुभयो। नेपालका प्रधानमन्त्रीले भारतीय राष्ट्रपति रामनाथ कोविन्द, उपराष्ट्रपति बेन्किया नायडु, विदेशमन्त्री सुष्मा स्वराज, अर्थमन्त्री अरुण जेट्लीसँग पनि भेटवार्ता गर्नुभयो।

३. नेपालका प्रधानमन्त्रीले भारतका उद्योग वाणिज्यसम्बन्धी विभिन्न निकायहरूले संयुक्त रूपमा आयोजित कार्यक्रममा त्यहाँको व्यापारिक समुदायसँग कुराकानी गर्नुभयो। उहाँले दिल्लीमा थिंकट्यांकहरूलाई समेत सम्बोधन गर्ने कार्यक्रम छ। दिल्लीमा औपचारिक भेटघाटपछि उहाँको हैदराबाद, तिरुपती र बोधगया जाने कार्यक्रम छ।

४. दुई प्रधानमन्त्रीले द्विपक्षीय सम्बन्धका सबै पक्षबारेमा सघन छलफल गर्नुभयो। नेपाल र भारतबीचको निकट र आत्मीय सम्बन्ध प्रतिबिम्बित गर्ने हार्दिक र न्यानो वातावरणमा वार्ताहरू सम्पन्न भए। भ्रमणमा संलग्न अथितिहरूको सम्मानमा भारतीय प्रधानमन्त्रीले औपचारिक भोजको समेत आयोजना गर्नुभयो।

५. भारतीय प्रधानमन्त्रीले नेपालका प्रधानमन्त्रीलाई आफ्नो भारत भ्रमणको निम्ता स्वीकार गरेकोमा धन्यवाद दिँदै सन् २०१७ को जुनमा पद सम्हालेपछि पहिलोपटक यहाँ आउनुभएका देउवालाई न्यानो स्वागत गर्नुभयो। प्रधानमन्त्रीका रूपमा देउवाको यो चौथो महत्वपूर्ण भ्रमण हो र नेपाल-भारतबीचको कूटनीतिक सम्बन्ध स्थापित भएको ७०औं वर्ष पूरा हुँदै गर्दा यो भ्रमण भएकाले यसले विशेष अर्थ राख्छ। नेपालका प्रधानमन्त्रीले भारत सरकार र यहाँका जनतालाई स्वतन्त्रताको ७० वर्ष पूरा गरेकोमा बधाई दिनुभयो। उहाँले भारतीय प्रधानमन्त्रीलाई आफू र आफ्नो टोलीलाई भ्रमण निम्ता दिएको र आतिथ्य प्रदान गरेकोमा धन्यवाद दिनुभयो।

६. भारतीय प्रधामन्त्रीले भारत र भारतीय जनताका तर्फबाट नेपाल सरकार र नेपाली जनतालाई बाढीका कारण भएका अमूल्य जीवन, सम्पत्ति र पूर्वाधार क्षतिबारेमा गहिरो समवेदना र सहानुभूति प्रकट गर्नुभयो। उहाँले सम्भव भएसम्म सहायता प्रदान गर्न भारत तयार भएको धारणा व्यक्त गर्नुभयो। नेपालका प्रधानमन्त्रीले नेपालको सहायता प्रयासमा भारतले गरेको सहयोगका निम्ति धन्यवाद दिनुभयो। उहाँले भारतीय पक्षबाट भएका जीवन र भौतिक पूर्वाधारहरूको क्षतिका विषयमा पनि गहिरो समवेदना र सहानुभूति प्रकट गर्नुभयो।

७.दुवै प्रधानमन्त्रीले द्विपक्षीय सम्बन्ध अघि बढाउने गरी हुने गरेका नियमित उच्चस्तरीय भ्रमणमा भएका आदान-प्रदानबारे सराहना व्यक्त गर्नुभयो। उहाँहरूले सहकार्यका विविध क्षेत्रसम्बन्धी बैठकप्रति सराहना व्यक्त गर्नुभयो। दुवै प्रधानमन्त्रीले नेपालको व्यवस्थापिका-संसद्का सदस्यहरूको भ्रमणलाई स्वागत गर्नुभयो र दुवै देशका संसद्बीच यस्ता खालका भ्रमणमा वृद्धि हुने आशा व्यक्त गर्नुभयो।

८. दुवै प्रधानमन्त्रीले दुई देशबीच रहेको गहिरो, बृहत् र बहुआयामिक उत्कृष्ट सम्बन्धबारे सन्तुष्टि व्यक्त गर्नुभयो। दुवैले दुई देशको हितनिम्ति द्विपक्षीय सम्बन्धलाई अझै गहिरो पार्न नयाँ सम्भावना खोज्ने र विद्यमान संयन्त्रहरूलाई पुनर्जीवित पार्ने विषयमा समेत संकल्प गर्नुभयो। दुवै प्रधानमन्त्रीले दुवै देशका आकांक्षा, संवेदनशीलता र स्वार्थहरूलाई ख्याल राख्दै द्विपक्षीय विश्वास, हार्दिकता, द्विपक्षीय हितका पक्षमा हुने गरी दुई देशीय सम्बन्धलाई मजबुत पार्ने विषयमा आफ्नो अडान दोहोऱ्याउनुभयो।

९. दुवै प्रधानमन्त्रीले शान्ति, विकास र समृद्धिका लागि प्रजातान्त्रिक संस्थाको अपरिहार्यतामा जोड दिनुभयो। नेपालका प्रधानमन्त्रीले नेपालमा हालै विकसित राजनीतिक घटनाक्रमबारे भारतीय प्रधानमन्त्रीलाई जानकारी गराउनुभयो। भारतीय प्रधानमन्त्रीले दुई चरणमा सम्पन्न स्थानीय तहको चुनावको सफलताको स्वागत गर्दै त्यसका लागि नेपाली प्रधानमन्त्रीलाई बधाई दिनुभयो। संविधान कार्यान्वयन प्रक्रियामा जाँदै गर्दा तथा नेपाललाई संघीय-लोकतान्त्रिक व्यवस्थामा स्थापित गर्दै गर्दा यसमा संलग्न समाजका सबै तहलाई समेट्न नेपाल सरकारले गरेको प्रयासको प्रशंसा गर्नुभयो। स्थानीय तहको चुनाव सम्पन्न गर्न भारतले गरेको सहयोगको लागि नेपालका प्रधानमन्त्रीले धन्यवाद व्यक्त गर्नुभयो।

१०. दुवै प्रधानमन्त्रीले सन् २०१५ को फेब्रुअरीमा स्थापना भएदेखि नेपाल-भारत सम्बन्धमा प्रबुद्ध व्यक्तिहरूको समूहले गरेका चार चरणका बैठकको प्रगतिबारेमा सन्तोष व्यक्त गर्नुभयो। दुवै प्रधानमन्त्रीले तोकिएकै अवधिमा दुई देशबीचको निकट र बहुआयामिक सम्बन्ध अझै सुमधुर पार्ने खालका सुझाव समेटेर उक्त समूहले कार्यविधि र क्षेत्राधिकारअनुसार विगतका जुनसुकै द्विपक्षीय सन्धि र सम्झौताहरूको समीक्षामा आधारित आफ्नो प्रतिवेदन बुझाउने अपेक्षा व्यक्त गर्नुभयो।

११. दुवै प्रधानमन्त्रीले जारी रक्षा सहकार्यबारे सन्तुष्टि व्यक्त गर्नुभयो र भारतीय सेना र नेपाली सेनाबीच अझै सहकार्य वृद्धि गर्नेबारे प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपालका प्रधानमन्त्रीले नेपाली सुरक्षाकर्मीको तालिम र क्षमता अभिवृद्धिमा जारी सहयोगको लागि भारत सरकारलाई धन्यवाद दिनुभयो।

१२. दुवै प्रधानमन्त्रीले सुरक्षासम्बन्धी विषयमा उत्कृष्ट सहकार्यको निम्ति सन्तुष्टि व्यक्त गर्नुभयो। दुवै पक्षले भारत-नेपालको द्विपक्षीय सम्बन्धमा विशेष चरित्रको रूपमा रहेको र दुवै देशका नागरिकको विनारोकतोक आवागमन सम्भव तुल्याउने खुला सिमानाको अवाञ्छित तत्वबाट दुवैतर्फको सुरक्षामा चुनौती पर्ने गरी दुरुपयोग नगरिएको बारे प्रतिबद्धता व्यक्त गर्नुभयो। दुवै पक्षले आफ्नो देशको भूभाग अर्को पक्षको अहित हुने गरी प्रयोग नगर्ने विषयमा जोड दिनुभयो।

१३. दुवै प्रधानमन्त्रीले सन् २०१६ मा स्थापित 'निरीक्षण संयन्त्र' र संयन्त्रमार्फत् असमझदारी हटाउन भएका प्रगति र द्विपक्षीय आर्थिक र विकास सहयोगअन्तर्गत भएका जारी योजनाहरूको द्रूत कार्यान्वयनबारेमा सन्तुष्टि व्यक्त गर्नुभयो।

१४. भारतीय प्रधानमन्त्रीले भूकम्पपश्चातको पुनर्निर्माण प्रतिबद्धतालाई नेपाल सरकारसँग मिलेर शीघ्र अघि बढाउने विषयमा जोड दिनुभयो। दुवै प्रधानमन्त्रीले भारतले गर्ने पुनर्निर्माण सहयोग कार्यान्वयनको लागि प्रारूप चयन र पहिचान गरिएका चारवटा क्षेत्रमा योजना पहिचानबारेमा सन्तुष्टि व्यक्त गर्नुभयो। भूकम्पपछिको पुनर्निर्माणको लागि ७५० मिलियन अमेरिकी डलर अनुदान सहयोगअन्तर्गत सबैभन्दा अघिल्ला योजनाहरू पहिचान गर्ने सहमति भयो।

१५. दुवै प्रधानमन्त्रीले नेपालको सडक निर्माण र विद्युत् पूर्वाधारको लागि एक सय मिलियन र २५० मिलियन अमेरिकी डलर अनुदान सहयोग उपयोगबारे सन्तुष्टि व्यक्त गर्नुभयो। दुवै प्रधानमन्त्रीले दुई सय अमेरिकी डलर सिँचाइ परियोजना र लाइन अफ कन्ट्रोलबाट ५५० मिलियन अमेरिकी डलरमध्ये ३३० मिलियन अमेरिकी डलर सडकको लागि छुट्याइएकोमा सन्तुष्टि व्यक्त गर्नुभयो।

१६. दुवै प्रधानमन्त्रीले प्रत्येक देशले परिवर्तनीय प्रकृतिका सामाजिक र आर्थिक प्रयासबाट सिक्ने गरी दीर्घकालीन प्रभावका रचनात्मक विकाससम्बन्धी एजेन्डाको लागि आह्वान गर्नुभयो। यो लक्ष्य प्राप्त गर्न वार्षिक रूपमा भारतको नीति आयोग तथा नेपालको राष्ट्रिय योजना आयोगबीच नीतिगत छलफल सुरु गर्नेबारे सहमति गरियो।

१७. दुई देशका प्रधानमन्त्रीले भारत र नेपालबीचको सहज सम्पर्कले नागरिक-नागरिकबीच सम्पर्क र आर्थिक वृद्धि गर्नेबारेमा समान धारणा राख्नुभयो। द्विपक्षीय कनेक्टिभिटीका योजना कार्यान्वयनबारेमा भएका प्रगतिबारेमा समीक्षा गरियो। दुवै पक्षले जारी निम्न अन्तरदेशीय रेल सञ्जालसम्बन्धी दुई योजनालाई शीघ्र कार्यान्वयन गर्नुपर्ने आवश्यकताबारे महसुस गरियो : (क) जयनगर-बिजलपुर-बर्दिबास र (ख) जोगबनी-विराटनगर रेल सञ्जाल। दुवै प्रधानमन्त्रीले जयनगरदेखि जनकपुर र जोगबनीदेखि विराटनगर भन्सार नाकासम्ममा सम्पन्न हुने रेललाइनबारे सन्तुष्टि व्यक्त गर्नुभयो। दुवै योजना छिटो सक्न यससँग सम्बन्धित सबै समस्या समाधान गर्ने प्रतिबद्धता जनाइयो।

१८. दुवै प्रधानमन्त्रीले रेल सञ्जालले बढ्दो व्यापार र पर्यटकीय सञ्जालमार्फत् विकास र समृद्धिमा सकारात्मक असर पार्ने उल्लेख गर्दै यसको महत्वबारे जोड दिनुभयो। दुई प्रधानमन्त्रीले बाँकी निम्न तीन अन्तरदेशीय रेल सञ्जालको फिल्ड लोकेसन सर्भे शीघ्र सम्पन्न गर्नेबारे सहमति जनाउनुभयो : (क) नयाँ जलपाईगुढीदेखि काँकडभित्ता (ख) नौतनवादेखि भैरहवा र (ग) नेपालगन्ज रोडदेखि नेपालगन्ज।

१९. दुवै प्रधानमन्त्रीले विराटनगरमा एकीकृत चेकपोस्टको थालनीलाई स्वागत गर्दै त्यहाँका अधिकारीहरूलाई यसको निर्माण कार्य थाल्न र सन् २०१७ डिसेम्बरभित्र कार्य सञ्चालन गर्न निर्देशन दिनुभयो।

२०. दुवै प्रधानमन्त्रीले तराई सडक परियोजनाअन्तर्गत नौवटा सडक समेटिने २४० किमि लामो सडकको १२ प्याकेजको ठेक्काबारे सन्तुष्टि व्यक्त गर्नुभयो। आयोजना शीघ्र सम्पन्न गर्न जग्गाको स्वामित्व, वन तथा अन्य विभिन्न संरचना हटाउनेबारे नेपाली पक्षले आश्वासन दियो।

२१. दुवै प्रधानमन्त्रीले पशुपतिनाथ मन्दिरको प्रांगणमा निर्माण भइरहेको धर्मशालाको सन्दर्भमा सन्तुष्टि व्यक्त गर्नुभयो। धर्मशालासँगै हेटौंडामा निर्माणाधीन नेपाल-भारत मैत्री पोलिटेक्निक निर्माण छिटै सम्पन्न हुनेबारेमा दुवै प्रधानमन्त्रीले आशा व्यक्त गर्नुभयो।

२२. नेपालका प्रधानमन्त्रीले नेपाल सरकारले मोतीहारी-अमलेखगन्जको पेट्रोलियम लाइनलाई प्राथमिकतायुक्त भएको बताउनुभयो। दुवै प्रधानमन्त्रीले योजनाको विस्तृत इन्जिनियरिङ रुट सर्भे र इन्जिनियरिङ डिजाइन रिपोर्ट बनेकोमा त्यसको स्वागत गर्नुभयो। दुवै प्रधानमन्त्रीले सम्बन्धित अधिकारीहरूलाई बाटोको अधिकार, जग्गाको स्वामित्व, वातावरणीय र नीतिनियमसँग सम्बन्धित सबै समस्या शीघ्र निराकरण गरी छिटो काम सम्पन्न गर्ने वातावरण बनाउन निर्देशन दिनुभयो।

२३. दुवै प्रधानमन्त्रीले तेल र ग्यास क्षेत्रमा सहकार्य गर्न संयुक्त कार्यदल बनाउने निर्णयलाई स्वागत गर्नुभयो। कार्यदलले निम्न क्षेत्रमा सहकार्य अभिवृद्धि गर्नेबारे राय दिनेछ- (क) मोतीहारीदेखि अमलेखगन्जसम्म एलपीजी पाइपलाइनको निर्माण (ख) गोरखपुरदेखि सुनवलसम्म प्राकृतिक ग्यासको पाइपलाइन निर्माण (ग) इन्डियन आयल निगमको सहयोगमा अमलेखगन्जदेखि नेपालको चितवनसम्म पेट्रोलियम पदार्थको पाइपलाइन विस्तार तयार गर्न डीपीआर तयार गर्न।

२४. नेपालको समृद्धि र विकासका लागि नेपालका प्रधानमन्त्रीले जोड दिनुभएकोमा भारतका प्रधानमन्त्रीले त्यसको लागि सहयोग गर्न आफू तयार रहेको बताउनुभयो। दुवै पक्ष नेपालको सुदूरपश्चिममा प्राविधिक संस्थान स्थापना गर्ने र तनहुँमा श्वासप्रवाससम्बन्धी जीपी कोइराला राष्ट्रिय केन्द्र स्थापना गर्नेसम्बन्धी अनुदान सहयोगबारे मूल सहमतिमा पुग्नुभयो। त्यसका साथै दुई प्रधानमन्त्री दुवै सरकारले द्विपक्षीय हितमा हुने खालका निम्न परियोजनाहरूको सम्भाव्यताबारे छलफल गर्न सहमत हुनुभयो : कुशीनगर-लुम्बिनी-कपिलवस्तु र बर्दिबास वीरगन्ज रेलवे, वीरगन्ज-पथलैया-नारायणगढ र बुटवल-पोखरा सडकलाई एक्सप्रेस सडकमा स्तरोन्नति, निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल, महाकालीमा मोटर चल्ने पुलहरू, वीरगन्ज-रक्सौल सीमामा मैत्री पुल, दोधारा र चाँदनीमा खुला बन्दरगाहको विकास, नेपालमा विशेष आर्थिक क्षेत्रको विकास, नयाँ १३२ केभी प्रसारण लाइनको विकास, बुटवल (नेपाल)-गोरखपुर (भारत) अन्तरदेशीय प्रसारण लाइन, लम्की (नेपाल)-बरेली (भारत) अन्तरदेशीय प्रसारण लाइन।

२५. दुवै प्रधानमन्त्रीले पञ्चेश्वर परियोजनाबारेमा भएका सकारात्मक र ठोस छलफललाई ख्याल गर्दै सम्बन्धित अधिकारीहरूलाई एक महिनाभित्र यसको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्न निर्देशन दिनुभएको छ।

२६. नेपालका प्रधानमन्त्रीले नौ सय मेगावाटको अरुण तेस्रो र माथिल्लो कर्णाली जलविद्युत् परियोजनासम्बन्धी सबै विषय परियोजना विकास सहमति (प्रोजेक्ट डेभलपमेन्ट एग्रिमेन्ट) अनुसार प्राथमिकताका साथ सम्बोधन गरिने प्रतिबद्धता दोहोऱ्याउनुभयो।

२७. भारतीय पक्षले टनकपुर ब्यारेजबाट नेपालतर्फको हेड रेगुलेटर र लिंक नहर निर्माण सम्बन्धमा नेपाली पक्षलाई विस्तृत परियोजना प्रतिवेदन हस्तान्तरण गर्यो।

२८. दुई प्रधानमन्त्रीले हालसालै सम्पन्न पानीसम्बन्धी विशेष समितिहरूको बैठक र डुबान र बाढी व्यवस्थापनसम्बन्धी संयुक्त समिति र विज्ञहरूको संयुक्त समूहको बैठकप्रति सन्तोष व्यक्त गर्नुभयो। यस्ता बैठकले पानीसँग सम्बन्धित सिँचाइ, बाढी व्यवस्थापन र नदीसँग सम्बन्धित विभिन्न तालिमहरूमा द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने आशा पनि उहाँहरूले व्यक्त गर्नुभयो। दुई प्रधानमन्त्रीहरू सप्तकोसी उच्च बाँध र सुनकोसी स्टोरेज र डाइभर्सन स्किमका विस्तृत परियोजना प्रतिवेदन बनाउने विषयलाई गति दिन पनि सहमत हुनुभयो। सीमा क्षेत्रमा हुने डुबान र बाढी व्यवस्थापनजस्ता तत्काले सम्बोधन गर्नुपर्ने महत्वपूर्ण विषयमा आपसी सामञ्जस्य र सल्लाहलाई थप प्रभावकारी बनाउन पनि दुवै प्रधानमन्त्रीहरू सहमत हुनुभयो। यी समस्याको दिगो समाधान खोज्न संयुक्त अवलोकन भ्रमणलगायत तत्काले कदम चाल्न दुवै पक्षबीच सहमति भयो।

... बाँकी पृष्ठ ७ मा

# नेपाल कम्युनिस्ट पार्टी, चितवनको साङ्गठनिक विकास

चितवनमा कम्युनिस्ट सिद्धान्तको प्रवेश कहिले भयो भन्ने सम्बन्धमा वस्तुनिष्ट उत्तर दिन सकिँदैन र पनि प्रजातन्त्र स्थापनासँगसँगै कम्युनिस्ट सङ्गठन निर्माणको आधारभूत पृष्ठभूमि निर्माण भएको देखिन्छ । २००८ सालमा गौरीभक्त प्रधान चितवनको चनौलीमा आएर बसोबास गर्न सुरु गरे । पछि उनी उत्तर गण्डक प्रान्तीय समितिका सदस्य भएका थिए । तर उनले साङ्गठनिक संरचनाको विकास र विस्तारमा कुनै उल्लेखनीय भूमिका निर्वाह गर्न सकेनन् । उनी चितवनमा रहँदाकै समयमा रक्षा दलको विद्रोह (डा. केआई सिंहको विद्रोह) मा संलग्न भएको भनी नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाइएको थियो । यस घटनालगत्तै गौरीभक्त प्रधानलाई गुरिल्ला तालिम लिनका लागि चीन पठाइयो । झन्डै २ वर्ष १० महिनाको बसाइपछि चीनबाट स्वदेश फर्किएका गौरीभक्त प्रधान कहिले काठमाडौं कहिले चितवन गर्दै रहे तर पनि उनी चितवनमा साङ्गठनिक संरचना निर्माणमा अग्रसर हुन सकेनन् । स्वयम् उनैको भनाइमा तत्कालीन समयमा उनी सङ्गठनको केन्द्रीय समितिमा एक सल्लाहकारका रूपमा रहेका थिए ।

चितवनमा कम्युनिस्ट सङ्गठनको विकासक्रमका सन्दर्भमा चर्चा गर्दा किशोरचन्द्र ढुङ्गानाको भूमिका पनि स्मरणीय रहेको देखिन्छ । ढुङ्गाना पूवी चितवनको जुटपानीस्थित कछारमा जन्मि-हुर्किएका व्यक्ति थिए । चितवनमा व्यवस्थित बसोबास सुरु हुनुभन्दा अगाडिदेखि नै पहाडी बस्तीहरूबाट पूर्वी चितवनमा बसाइ सरी आउनेहरूले खोरिया फाँडेर नयाँ बस्ती विकास गर्दै थिए । यसक्रममा वन प्रशासनले नयाँ बसोबास गर्न आउनेहरूलाई दुःख दिँदा ढुङ्गानाले सदैव गाउँलेहरूलाई साथ दिँदै आएका थिए । उनी निमुखा गरिब किसानहरूका भरोसाका व्यक्ति बने । घनाजंगल अनि जंगली जनावर हरूको ठूलो बिगबिगी भइरहेको समयमा जङ्गली जनावरको आक्रमणबाट जनतालाई मुक्ति दिलाउन 'हरियो वन फाँड्नैपर्दछ - वन्यजन्तु खेद्नैपर्दछ' भन्ने नारा अगाडि सारेर वन फँडानी गरी बस्ती विकासको अभियान अगाडि बढाए । उनले सञ्चालन गरेको सो अभियानमा ३५० जनाभन्दा बढी व्यक्तिहरूले गिरफ्तारी दिएर साथ दिएका थिए । तत्कालीन समयसम्म राजनीतिक चेतना शून्यप्रायः रहेको यहाँको समाजमा ढुङ्गानाका गतिविधिहरू अगाडि देखिए । एक निडर हक्की र विद्रोही स्वभाव भएका ढुङ्गानाका क्रान्तिकारी गतिविधिबाट लाल कम्युनिस्ट पार्टीका नेताहरू पनि निकै प्रभावित भए । यसक्रममा लाल कम्युनिस्ट पार्टीका एक नेता षडानन्दको प्रेरणा तथा तत्कालीन चितवनको सामाजिक तथा आर्थिक परिस्थितिको परिणामस्वरूप ढुङ्गाना चितवनमा एक क्रान्तिकारी व्यक्तिका रूपमा स्थापित भए । यसक्रममा उनले किसानसभा गठन गरे । किसानसभामार्फत किसान आन्दोलन अगाडि बढाउँदा उनी गिरफ्तार परेका थिए । किसानसभामार्फत उनी विशेषगरी शोषित-पीडित आदिवासी थारुहरूका अभिभावक बने । लाल कम्युनिस्ट पार्टीमा आबद्ध रहेका किशोरचन्द्रले किसानसभामार्फत अन्याय र अत्याचारका विरुद्ध लडाइँ गरे पनि औपचारिक रूपमा कम्युनिस्ट सङ्गठन निर्माणमा समर्पित हुन भने सकेनन् । वास्तवमा उनको क्रान्तिकारी एवम् जुझारु गतिविधिले कम्युनिस्ट आदोलनका लागि सुनौलो अवसर सिर्जना भए पनि सही दुरुपयोग हुन पाएन ।

चितवनको कम्युनिस्ट सङ्गठनको विकास र विस्तारमा बन्दीपुरको कम्युनिस्ट सङ्गठनको भूमिकालाई पनि यस सन्दर्भमा उल्लेख गर्नैपर्ने हुन्छ । नेकपाको मध्य-गण्डक प्रान्तको केन्द्र रहेको बन्दीपुर, लमजुङ, तनहुँ, गोर्खाको व्यापारिक केन्द्र पनि थियो । चितवनमा नयाँ बसोबास सुरु हुनुअघि बन्दीपुरका व्यापारीहरू हिउँदमा नारायणगढमा बसेर व्यापार चलाउँदै गर्दा राजनीतिक चेतनालाई पनि नारायणगढमा स्थायी रूपमा बसोबास गरी व्यापार सुरु गरेका बन्दीपुरका व्यापारीहरूले पनि नारायणगढमा व्यापारका साथसाथै, राजनीतिक गतिविधिमा पनि जोड दिएका दिए । यस सन्दर्भमा कदमकुमार पिया, मदनमोहन जोशी, बटुकलाल प्रधान आदिको योगदान विशेष उल्लेखनीय रहन गएको देखिन्छ ।

चितवनमा कम्युनिस्ट सङ्गठनको विकास र विस्तारमा यहाँको सामाजिक तथा आर्थिक संरचनाले पनि मलजल पुऱ्याएको देखिन्छ । चितवनको नयाँ बसोबासको योजना लागू भएपछि विभिन्न जिल्लाबाट विभिन्न स्वभाव र पृष्ठभूमिका व्यक्तिहरूको आगमन भयो । भोकानाङ्गा तथा सुकुमबासीहरूमात्र थिएनन् । समाजको असमानताविरुद्ध विद्रोह गर्नेहरू, समाजको अन्याय-अत्याचारबाट पिल्सिएकाहरू, उच्च महत्वाकाङ्क्षा बोकेर, नयाँ-नयाँ उत्साह र उमङ्ग लिएर आएका व्यक्तिहरू पनि थिए जसबाट चितवनमा एउटा नयाँ र मिश्रित समाज निर्माण भयो । नयाँ र मिश्रित समाजका कारण अन्य

राजेन्द्र रेग्मी

जिल्लाको जस्तो चितवनमा धनी र गरीबबीच ठूलो भेदभाव रहेन । यहाँको समाज सहिष्णु र प्रगतिपथतर्फ उन्मुख रह्यो । यस अवस्थामा समाजमा राजनीतिक विचारधाराअनुरूपका सङ्घ संगठनका आधारहरू निर्माण भए । यसै सन्दर्भमा कम्युनिस्ट सिद्धान्तबाट प्रभावित व्यक्तिहरूले पनि साङ्गठनिक संरचनामा जोड दिए । जसको विवरण तल प्रस्तुत गरिन्छ :

**नेपाल युवक संगठन चितवन** (२०१३)

चितवनमा व्यवस्थित बसोबास सुरु हुनुपूर्व नै नारायणगढ एक प्रमुख व्यापारिक नाकाका रूपमा रहँदै आएको भए पनि व्यवस्थित बजारको विकास हुन सकिरहेको थिएन । राप्ती उपत्यकाका विकास योजना लागू भएर चितवनमा व्यवस्थित बसोबास सुरु भएपछि नारायणगढमा पनि स्थायी बजारको विकास भयो । विशेष गरी बन्दीपुरका नेवार व्यापारीहरूको बाहुल्य रहेको नारायणगढ बजारलाई व्यवस्थित बनाउन गठन भएका विभिन्न समितिहरूमा पनि राजनीतिक विचारले प्रभाव पार्ने गऱ्यो । यसैक्रममा बन्दीपुरमा रहँदा नै कम्युनिस्ट विचारबाट प्रभावित भएर नेकपा बन्दीपुर शाखाको सचिवसमेत भइसकेका मदनमोहन जोशीको सक्रियतामा नारायणगढ चितवनमा युवाहरूको एक समिति गठन भयो कि मदनमोहन जोशी यस समितिलाई चितवनको पहिलो कम्युनिस्ट सङ्गठन भन्न रुचाउँछन् तर निम्नलिखित तर्कहरूका आधारमा यो समिति चितवनको पहिलो कम्युनिस्ट सङ्गठन नरहेको प्रस्ट गर्न सकिन्छ ।

१) मदनमोहन जोशीको घरमा उनैको उपस्थितिमा २०१६ मा चितवनमा नेकपाको समिति गठन हुँदा यसपूर्व २०१३ मा समिति गठन भएको कुनै चर्चा परिचर्चासमेत गरिएको देखिँदैन ।
२) यदि यो समिति २०१३ मा गठन भएको भए २०१४ मा सम्पन्न नेकपाको दोस्रो महाधिवेशनमा यस समितिबाट पनि कुनै न कुनै रूपमा सहभागिता हुनुपर्ने थियो तर त्यसो पनि भएन । यसबाट पनि २०१३ मा चितवनमा नेकपाको समिति गठन भएको विश्वास गर्न सकिँदैन ।
३) यदि २०१३ मा समिति गठन भएको भए तत्कालीन चितवनको कम्युनिस्ट राजनीतिसँग निकट रहेका केन्द्रीय सदस्य कृष्णलाल प्रधान, काठमाडौं शाखाका कार्यालय सचिव रहेका पुण्यप्रताप राणा, केन्द्रीय समितिमा सल्लाहकारका रूपमा रहेका गौरीभक्त प्रधानहरूलाई जानकारी हुनुपर्ने थियो । उपर्युक्त तीनजनालाई नै सो समिति गठनबारे कुनै जानकारी भएको देखिँदैन ।
४) तत्कालीन समयमा कम्युनिस्ट पार्टीमाथिको प्रतिबन्ध फुकुवा भइसकेको थियो । पार्टीगत गतिविधिहरू खुल्ला रूपमा सञ्चालित भइरहेका थिए तर पनि सो समितिबाट सङ्गठनात्मक पहिचान रहने कुन कार्यहरू भएको पाइँदैन ।
५) मदनमोहन जोशीका अलावा सो समितिमा रहेका भनिएका गणेशकुमार शाक्यलाई पनि यस समितिका सम्बन्धमा कुनै जानकारी रहेको पाइँदैन बरु उनी तत्कालीन समयमा नारायणगढ बजार विकासका लागि युवक सङ्गठनका नाममा बजार समिति गठन भएको र आफू सो समितिमा रहेको बताउँछन् ।

उपर्युक्त विभिन्न तथ्यहरूबाट २०१३ मा चितवनमा कम्युनिस्ट पार्टीको समिति गठन भएको नभई नेपाल युवक सङ्गठनका नाममा बजार व्यवस्थापन समिति गठन भएको मान्न सकिन्छ ।

नेपाल कम्युनिस्ट पार्टी चितवनको सङ्गठनात्मक विकासको इतिहासमा महत्वपूर्ण वर्ष बन्यो । काठमाडौं जिल्ला सङ्गठनको कार्यालय सचिवको जिम्मेवारी सम्हालिसकेका पुण्यप्रताप राणा, चीनमा गुरिल्ला तालिम प्राप्त गरी फर्केका गौरीभक्त प्रधान, नेकपा बन्दीपुर शाखाका सचिवको जिम्मेवारी सम्हालिसकेका मदनमोहन जोशी तथा पुष्पलाल श्रेष्ठसँग निकट सम्बन्ध भएका तनहुँका एक कार्यकर्ता गुणबहादुर घले गरी ४ जना मिलेर नारायणगढस्थित मदनमोहन जोशीको घरमा २०१६ को जेठ महिनामा नेकपा चितवन शाखा गठन भयो । यस समितिमा क्रमशः छविलाल आचार्य २०१६ कार्तिकमा, जगतबहादुर श्रेष्ठ २०१६ फागुनमा र टेकनाथ बराल २०१७ जेठमा यस समितिमा थप गरिए । यसरी हेर्दा २०१७ साल पुसको राजनीतिक परिवर्तनपूर्व नेकपा चितवनको औपचारिक संगठनमा पुण्यप्रताप राणा, गौरीभक्त प्रधान, गुणबहादुर घले, मदनमोहन जोशी, छविलाल आचार्य, जगतबहादुर श्रेष्ठ र टेकनाथ बराल गरी ७ जना सस्यहरू मात्र रहेको प्रस्ट हुन आउँछ ।

नेपाल कम्युनिस्ट पार्टी, चितवन शाखाको प्रथम सचिवका सम्बन्धमा विवाद

नेपाल कम्युनिस्ट पार्टीको संस्थापक सदस्यहरू तथा पार्टीको स्थापना दिवसका सम्बन्धमा विवाद देखिएजस्तै चितवनको कम्युनिस्ट संगठनको प्रथम सचिवका सम्बन्धमा पनि विवाद रहँदै आएको देखिन्छ । प्रमाणिक दस्तावेजका अभावमा निर्विवाद निष्कर्ष निकाल्न नसकिए पनि सम्बन्धित विभिन्न स्रोत तथा सम्बन्धित व्यक्तिहरूसँगको भेटवार्ताबाट पुण्यप्रताप राणा प्रथम सचिव हुन् भन्ने निचोडमा पुग्न सकिन्छ । यस सम्बन्धमा देखिएको विवाद र निष्कर्षका लागि भएका प्रयास तथा निष्कर्षका सम्बन्धमा तल सङ्क्षेपमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

चितवनमा कम्युनिस्ट पार्टीको इतिहाससम्बन्धी छलफल गर्ने मिति २०५९/११/२ मा काठमाडौंमा र मिति २०५९/११/१३ मा चितवनमा आयोजित चितवनका पुराना नेता तथा कार्यकर्ताहरूको भेलाबाटसमेत पहिलो कम्युनिस्ट सङ्गठन कुन थियो ? प्रथम सचिव को हो ? भन्ने सम्बन्धमा यकिन हुन सकेको देखिँदैन । चितवनमा आयोजना गरिएको सो भेलाबाट २०१३ मा चितवनमा मदनमोहन जोशीको सचिवत्वमा पहिलो समिति गठन भएको र २०१६ मा गठित समितिको प्रथम सचिव गौरीभक्त प्रधान भन्ने निष्कर्ष निकालिएको देखिन्छ तर सो निर्णयप्रति पुण्यप्रताप राणा सहमत रहेको देखिँदैन । यस सम्बन्धमा उनको भनाइ छ :

उक्त भेलामा २०१३ मा गठित समितिको सचिवमा मदनमोहन जोशी र २०१६ मा गठित समितिको पहिलो सचिवका सम्बन्धमा कसैले गौरीभक्तको नाम उठायो । काम गर्नु थियो काम गरियो । बुझ्नेले बुझेका छन्, जान्नेले जानेका छन् । मैले कम्युनिस्ट पार्टी छोडिसकेको अहिलेको अवस्थामा सो भेलाबाट तर्क-वितर्क गरिरहन आवश्यक पनि थिएन । उपयुक्त पनि लागेन । त्यसैले चुपचाप लागेँ । अन्तमा उक्त भेलामा गौरीभक्तलाई सो समितिको सचिव भनी निष्कर्षसहित निर्णय भयो । वास्तविक रूपमा म नै चितवनको कम्युनिस्ट सङ्गठनको पहिलो सचिव हुँ ।

सो समितिको पहिलो सचिवका सम्बन्धमा सोही समितिका अर्का सस्थापक सदस्य गौरीभक्त प्रधानको भनाइ अलि भिन्न रहेको पाइन्छ । उनका अनुसार :

नेकपा चितवनको पहिलो सचिव पुण्यप्रताप राणा हुन् । सचिव पुण्यप्रताप राणाको अनुपस्थितिमा कहिलेकाहीँ आफैँले सचिवको जिम्मेवारी समाल्नुपरेको अवस्थालाई लिएर कसैले सो समितिको प्रथम सचिवका रूपमा मलाई चिनाएको भए पनि म चितवनको प्रथम सचिव होइन ।

यसैगरी सो समितिका अर्का एक संस्थापक सदस्य मदनमोहन जोशी चितवनको कम्युनिस्ट सङ्गठनको पहिलो सचिव आफू भएको धारणा व्यक्त गर्दछन् । जब कि जोशीले चितवनका पुराना कम्युनिस्ट नेता कार्यकर्ताहरूको भेलामा उपस्थित भएर २०१६ मा गठित समितिको प्रथम सचिव गौरीभक्त प्रधान हुन् भन्ने निष्कर्षको निर्णयमा हस्ताक्षर गरेका थिए । यस सङ्गठनमा प्रवेशका दृष्टिले पाँचौं व्यक्ति बनेका छबिलाल आचार्य पहिलो सचिव गौरीभक्त नै हुन् भन्ने कुरामा ठोकुवा गर्दै गौरीभक्तले सचिवको हैसियतमा आफूलाई २०१७ माघमा सम्पन्न भएको पार्टीको दरभङ्गा प्लेनममा प्रतिनिधिका रूपमा भाग लिन पठाएको बताउँछन् । यसैगरी सो समितिका अन्य सदस्यहरू जगतबहादुर श्रेष्ठ र टेकनाथ बरालअनुसार सो समितिको प्रथम सचिव गौरीभक्त प्रधान नभई पुण्यप्रताप राणा रहेको देखिन्छ ।

२०१६ मा गठित यस कार्य समितिले साङ्गठनिक विकासका साथै साङ्गठनिक पहिचान गराउने केही गतिविधिहरू पनि अघि बढाएको पाइन्छ । आनन्दपुर, केशरबाघ तथा शिवनगर इलाका समितिहरू गठन भए । नेपाल भारतबीच सम्पन्न गण्डक सम्झौताको विरोधमा नारायणगढ बजारमा जुलुस प्रदर्शन गऱ्यो । यसैगरी तत्कालीन समयमा छोडपत्रका आधारमा जग्गा खरिद-बिक्री भइरहेको कार्यलाई सरकारी मान्यता दिलाउन जोड दिइयो । राप्ती उपत्यका विकास योजनाअन्तर्गत भूमि वितरण गर्दा छुट्याइएका गौचरनहरूमा कृष्णबम मल्लपछिका निर्देशकहरूले जथाभावी बसोबास गराउने कार्यको विरोधमा 'गौचरन बचाउ अभियान' सञ्चालन गरेका थिए । २०१७ माघमा भएको नेकपाको दरभङ्गा प्लेनममा यस समितिका तर्फबाट गौरीभक्त प्रधान, पुण्यप्रताप राणा तथा छबिलाल आचार्यले भाग लिएका थिए । २०१७ को भदौ महिनाको अन्तिम सप्ताहमा सम्पन्न नेकपाको केन्द्रीय समितिको बैठकबाट पार्टीको तेस्रो महाधिवेशन २०१७ को फागुन ७ गतेबाट चितवनको नारायणगढमा गर्ने निर्णय गरिएको थियो । चितवनको नारायणगढलाई महाधिवेशन स्थलमा छनौट गरिनु साङ्गठनिक विकासको कारण हो भन्न सकिन्छ ।

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गोवर्धन गौली
गौली ग्रुप डेभलपर्स
भरतपुर महानगरपालिका-१०, चितवन
(एयरपोर्ट अगाडी)

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
मेघनाथ पौडेल
मेडिकल स्टकिष्ट क्लव अफ नारायणगढ
भरतपुर महानगरपालिका-१, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
यहाँ आधुनिक डिजाइनका तयारी गहना पाउनुका साथै अर्डर बमोजिम तयार गरिन्छ ।
प्रो राजकुमार सुनार (९८५५०५३५६०)
श्री गणेशाय नमः सुनचाँदी पसल
भरतपुर महानगरपालिका-३, बेलचोक, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हामीकहाँ कार्यालय, बैंक तथा पसलहरुलाई चाहिने विभिन्न मोडेलका तथा हरेक साइजका स्टील दराज, सेफ, बैंक लकर आदि अर्डर अनुसार तयार गरिन्छ ।
प्रो प्रेम कुमार सुनार (९८५५०६१५१२)
श्री सर्वश्रेष्ठ स्टील फर्निचर उद्योग
भरतपुर-२, बेलटाँडी, नारायणगढ, चितवन

# चीन र ब्राजिल : राजनीतिक मुद्दा र आर्थिक सहयोगलाई नजिकबाट नियाल्दा

४० वर्षअघि चीन र ब्राजिलबीच पूर्ण कुटनैतिक सम्बन्ध स्थापना भएदेखि दुई देशले दुई पक्षीय सम्बन्धलाई विस्तृत रणनीतिक साझेदारीसम्म झन् कसिलो बनाउँदै लगेका छन् । हालै चीनका लागि ब्राजिलका राजदूत **भ्लादमिर क्यारनेइरा लिओ**ले चाइना टुडेलाई विशेष अन्तर्वार्ता दिए । उनका अनुसार दुवै मुलुक दुई पक्षीय र बहुपक्षीय सम्बन्धका मुद्दामाथि समान विचार आदान प्रदान गर्छन् र नजिकको आर्थिक सम्बन्धलाई कायम राख्छन् ।

**चाइना टुडे** : यो वर्ष चीन र ब्राजिल कूटनैतिक सम्बन्धको ४०औं र रणनीतिक साझेदारीको २१औं वर्षगाँठ मनाइरहेका छन् । चीन र अरु विकासोन्मुख मुलुकबीच यसप्रकारको सम्बन्ध पहिलो हो । बितेका वर्षमा दुई पक्षीय सम्बन्धमा के कस्तो प्रगति भएका छन् ?

**क्यारनेइरा** : मेरो विचारमा यस क्षेत्रमा ठूलो प्रगति हासिल भएको छ । २० वर्ष अगाडि जे थियो त्यो भन्दा अहिलेको अवस्थामा दुईपक्षीय सम्बन्ध धेरै राम्रो भएको छ । चीन-ब्राजिल व्यापार र दुईपक्षीय लगानीमा उल्लेखनीय प्रगति हासिल भएको छ । उदाहरणको लागि ब्राजिल वायु कम्पनी इम्ब्राएरले चीनमा संयुक्त लगानी गरेको छ । दुवै देशले विज्ञान तथा प्रविधिमा सँगै काम गरिरहेका छन् । हालैमात्र ब्राजिलका पोष्ट ग्राजुयट विद्यार्थीले 'साइन्स विडाउट बोर्डर' कार्यक्रम अन्तर्गत चीनमा अध्ययन गर्ने सम्झौता भएको छ । समग्रमा हाम्रो दुई पक्षीय सम्बन्ध बिसौं वर्ष अगाडिभन्दा प्रगाढ बन्दै गइरहेको छ ।

राजनीतिको अतिरिक्त म के भन्न चाहन्छु भने चीन र ब्राजिल आर्थिक सहयोगलाई नजिकबाट हेरिरहेका छन् जुन सन् २००० देखि २०१० बीच दुबै पक्षको महत्वपूर्ण प्रगतिको लागि योगदान भएको छ । सन् २०१२ मा प्रधानमन्त्री वेन जिया वाओको ब्राजिल भ्रमणको समयमा रणनीतिक साझेदारीदेखि विस्तृत रणनीतिक साझेदारीसम्म दुई देशको सम्बन्धमा प्रगति भएको छ ।

बहुपक्षीय मामिलामा दुई देशले विश्वव्यापी मुद्दा, वातावरण, मानवअधिकार, उर्जा र विश्व व्यापार संगठनदेखि वैदेशिक व्यापारसम्मका एकै प्रकारका मत जाहेर गरेका छन् । दुवै देशको अहिले ब्रिक्स (ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका) को अन्तर्राष्ट्रिय मञ्चमा ठूलो प्रभाव छ र समर्थन पनि पाइरहेका छन् ।

**चाइना टुडे** : सन् २०१३ को पहिलो ८ महिनामा चीन-ब्राजिल ब्यापार ५९ दशमलव २ अरब डलर पुगेको छ जुन २ दशमलव ९ प्रतिशतको वार्षिक वृद्धिदर हो । यो वर्ष तपाईको आशा के छ ?

**क्यारनेइरा** : ब्राजिलबाट चीनमा निर्यात हुने प्रमुख वस्तु कच्चा पदार्थको मूल्यमा आएको गिरावटले गर्दा बितेको वर्षजस्तै नै यो वर्ष पनि उस्तै होला जस्तो छ । तर दुई पक्षीय व्यापारमा सुक्ष्म परिवर्तन हुनसक्छ । हालैको वर्षमा चीनसँग ब्राजिलको व्यापार अनुकूलता कायमै हुनेछ तर कच्चा पदार्थको मूल्यमा आएको कमी र चिनियाँ अर्थतन्त्रमा आएको संकुचनले गर्दा व्यापारिक लाभ कम हुँदै गइरहेको छ । उदाहरणको लागि फलामको माग औद्योगिक क्रियाकलापसँग सिधै जोडिएको हुन्छ ।

**चाइना टुडे** : सन् २०१२ मा ब्राजिलले १७ दशमलव ९७५ अरब डलरको कृषिजन्य उत्पादन चीनमा निर्यात गरेको थियो । यो कूल निर्यातको १८ दशमलब ७ प्रतिशत हुन आउँछ । राष्ट्रपति डिल्मा रुसेफले कच्चा पदार्थ निर्यातबाहेक चीनसँगको व्यापारलाई विविधिकरण गर्न विभिन्न उपाय अपनाउने कुरा गरेका थिए । यस सन्दर्भमा यहाँ के भन्नुहुन्छ ?

**क्यारनेइरा** : यो सजिलो काम होइन । ब्राजिलसँग फलाम र सोयाबिन (भटमास) तेलमा निकै प्रतिस्पर्धात्मक क्षमता छ । इम्बेयर जहाजको राम्रो बिक्रीबाहेक चीनमा हाम्रो निर्यात पेट्रोल, भटमासको तेल, फलाम, चिनी र धागोमा सिमित छ जुन कूल निर्यातको ८० प्रतिशत हुन आउँछ ।

यो संरचनामा परिवर्तन गर्न राजनीतिक इच्छाशक्तिका साथै ब्राजिलको उत्पादन क्षमतालाई विश्वव्यापी प्रतिष्पर्धी बनाउन आवश्यक छ जसलाई हामीले स्वीकारेका छौं ब्राजिल सरकारले पूर्वाधारमा सुधार, ऊर्जा लागत न्यून र करदरलाई घटाउने काम गरिरहेको छ । चीनमा ब्राजिलका उत्पादनलाई प्रवर्द्धन गर्ने प्रयासको थालनी भएको छ । व्यापार प्रतिनिधि मण्डललाई चीनमा पठाएका छौं भने चिनियाँ आयातकर्तालाई ब्राजिलमा आमन्त्रित गरेका छौं । तर हामीले मनन् गर्नुपर्ने मुख्य विषय भनेको प्रतिष्पर्धी क्षमतालाई नै बढाउनु हो । हाम्रो निर्यात खस्किनुको प्रमुख कारणमध्ये ब्राजिलको मुद्रा रियलको अधिमूल्यन पनि हो । जसले हाम्रो उत्पादनको मूल्यलाई बढाएको छ । तर अझै पनि चीनसँगको व्यापार हाम्रो पक्षमा भएको हुँदा व्यापार सन्तुलनबारे ब्राजिलको कुनै गुनासो छैन । हामी अझ उत्कृष्ट दुई पक्षीय ब्यापारबारे सोचिरहेका छौं ।

**चाइना टुडे** : पेइचिङमा पदभार ग्रहण गर्नुभन्दा अघि तपाई कोलम्बियाको राजदूत हुनुहुन्थ्यो । कोलम्बियामा सस्तो चिनियाँ वस्तुको पर्याप्त उपलब्धताले उत्पादनकर्ता चिन्तित देखिन्छ । यस्तै सोच तपाईको देशमा पनि छ । केही चिनियाँ वस्तुलाई ब्राजिलले एन्टी डम्पिङ लगाएको छ । यो



सन्दर्भमा तपाईको विचारमा ब्राजिल र अरु ल्याटिन अमेरिकी देशका उत्पादनकर्ताले के गर्नुपर्छ ?

**क्यारनेइरा** : मेरो विचारमा एन्टि डम्पिङबारे स्पष्ट धारणा हुनुपर्छ । विश्व व्यापार संगठनको विधि अनुसार केही व्यापार संरक्षण उपाय कानुनी नै छन् । एन्टि डम्पिङ लगाउनु अघि पहिला हामी अनुसन्धान गर्छौं कि आयातित सामानको डम्पिङको कारणले स्थानीय उत्पादनकर्ताले घाटा बेहोर्नु पर्‍यो कि परेन ? ब्राजिलको विकास मन्त्रालय, उद्योग मन्त्रालय र वैदेशिक व्यापार मन्त्रालय अन्तर्गत व्यापार सुरक्षा सम्बन्धी विज्ञको टोली छ । ती विज्ञहरुले शुक्ष्म र गहन अध्ययन गर्छ । एन्टि डम्पिङको अपीललाई रोकेको छ ।

चिनियाँ उत्पादनको उपस्थितिले ब्राजिलमा मात्र प्रतिष्पर्धा बढेको छैन बरु सम्पूर्ण ल्याटिन अमेरिका, युरोप, अमेरिका र क्यानडामा पनि उस्तै अवस्था छ । चिनियाँ श्रम लागतसँग मात्र जोडिएको छैन परिस्थिति नै परिवर्तन भइसकेका छन् । चिनियाँ ज्यालादर धेरै माथि पुगिसकेको छ । धेरै चिनियाँ उद्योगहरु कम ज्यालादर भएका मुलुकमा सरिसकेका छन् । यो 'उत्पादन प्रतिफल स्तर' को कुरा हो । स्वीट्जरल्याण्ड र चीनमा उत्पादित वस्तुको मूल्य फरक-फरक राखिन्छ । चीनले सस्तोमा उत्पादन गर्नसक्छ ।

यो तथ्यलाई हामी स्वीकार्छौं कि केही क्षेत्रमा हाम्रो उत्पादनले चिनियाँ वस्तुसँग प्रतिष्पर्धा गर्न सक्दैन । उदाहरणको लागि झण्डै आधा मेशीन र विद्युतीय सामान चीनबाट आयात गर्छौं । जब कि अरु क्षेत्रमा हाम्रो उत्पादनले राम्रो ठाउँ पाएका छन् ।

**चाइना टुडे** : प्रविधि सहयोगको सम्बन्धमा चीन र ब्राजिल मिलेर तीनओटा भू-उपग्रह प्रक्षेपण गरिसकेका छन् र चौथोको तयारीमा छ । दुइ पक्षबीच सहयोगको लागि अरु कुनै प्राविधिक क्षेत्र छ ?

**क्यारनेइरा** : अहिलेसम्ममा विज्ञान र प्रविधिको सन्दर्भमा दुई देशबीचको सहयोग भू-उपग्रह प्रक्षेपणमा महत्वपूर्ण उपलब्धी भएको छ । दुवैतिरका सम्बन्धित विभागलाई एकपटक मैले संकेत गरेको थिएँ । हामीले भूउपग्रह सहयोग जस्तै महत्वपूर्ण सहयोगको नयाँ क्षेत्र पहिचान गर्नुपर्छ । प्रष्टसित भन्नुपर्दा अहिलेसम्म हामीले सहयोगको नयाँ क्षेत्र भेटाएका छैनौं । वैधानिक अनुसन्धानलाई जोड दिने सवालमा चीन ब्राजिलभन्दा भिन्न छ । उदाहरणको लागि ब्राजिलसँग कृषि विज्ञान र प्रविधिमा प्रशस्त अनुभव छ जब कि चीनसँग उद्योग क्षेत्रमा धेरै अनुभव छ, जसमा ब्राजिल कमजोर छ । विज्ञान र प्रविधिमा सहयोगको अवसर पहिल्याउनमा दुई देशले मिलेर काम गर्नुपर्छ र यस सन्दर्भमा हाम्रा विश्वविद्यालयले राम्रो भूमिका खेल्न सक्छन् ।

**चाइना टुडे** : चीनको पछिल्लो विकास योजनामा हरित अर्थतन्त्रलाई प्राथमिकता दिइएको छ । तपाईको विचारमा जैविक उर्जामा ब्राजिलले चीनलाई सहयोग गर्ला ?

**क्यारनेइरा** : यो महत्वपूर्ण प्रश्न हो । चीनको उर्जामा कोइलाको योगदान लगभग ८० प्रतिशत रहेको छ । चिनियाँ जनता यो अवस्थालाई परिवर्तन गर्न चाहन्छन् । पेइचिङमा हालैको वायु प्रदूषणले चीनको कोइलामा अधिक निर्भरतालाई प्रतिबिम्बित गर्छ । ब्राजिल जैविक उर्जामा एकदम अनुभवी छ । मलाई लाग्छ, यस क्षेत्रमा चीनको चासो बढिरहेको हुँदा हामी यस क्षेत्रमा सहयोगलाई ठूलो अवसरको रुपमा हेर्नेछौं ।

दुई देशका सिन्ह्वा विश्वविद्यालय र रियो डि जेनेरियो विश्वविद्यालयले जलवायु परिवर्तन र नयाँ उर्जा अनुसन्धान केन्द्र स्थापना गरिसकेका छन् । दुई विश्व विद्यालयबीच जैविक डिजेल र वायु उर्जा सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएपछि जैविक उर्जामा दुईपक्षीय सहयोगले काम गरिरहेको छ । मेरो विचारमा इथानोल बोटबाट मात्र उत्पादन हुने नभइ कुनै पनि रेशादार वस्तुबाट समेत उत्पादन गर्न मिल्ने जैविक उर्जाको नयाँ पुस्ता ब्राजिलले विकास गर्नेछ । जुन जैविक उर्जा क्षेत्रमा ठूलो उपलब्धी हुनेछ । हामीलाई थाहा छ चीनको कृषि घरेलु मागलाई धान्न मात्र हो । चीनले उखु अथवा कासभा खेती गर्न ठूलो भूमि छुट्याउन सक्दैन । जबकि ब्राजिलमा जैविक उर्जाको लागि प्रशस्त भूमि उपलब्ध छ ।

**चाइना टुडे** : हालै ब्राजिलले चीनमा निकै सांस्कृतिक गतिविधि बढाएको छ । एक महिनाभित्र बोसा नोभा, क्यपोरिन र ब्राजिल सिनेमाबारे बजारिकरण गतिविधि बढाएको छ । राजदूतको रुपमा तपाईले सांस्कृतिक क्षेत्रमा कस्तोखाले चुनौति सामना गर्नुपरिरहेको छ ?

**क्यारनेइरा** : कूटनैतिक गतिविधिमा हामीले गर्न चाहेका योजनामा हाम्रो स्पष्ट धारणा छ । हामी फूटबल, साम्बा र कार्निभलजस्ता तीन आयाममात्र भन्दा पनि ब्राजिलको बहुपक्षलाई प्रदर्शित गर्ने प्रयासमा छौं । ब्राजिली संस्कृतिको हरेक पक्ष चिनियाँ जनताले हेरुन् भन्ने हामी चाहन्छौं । यसको अर्थ यो होइन कि पुराना कुरा खराब छन् । चिनियाँ जनताले धेरै कुरा थाहा पाउन भन्ने हामी चाहन्छौं ।

गरिबी पनि हाम्रो वास्तविकताको एउटा पाटो हो । जब चिनियाँ जनता हाम्रो देशबारे सोच्छन् तिनीहरुको दिमागमा अमेजोन नदी, सामुद्रिक किनार, सूर्यकिरण र संगीतजस्ता कुनै एउटा बिम्ब आओस् छोटोमा एउटा सुन्दर राष्ट्रको बिम्ब होस् त्यसैले हामी ब्राजिलको संगीत, सिनेमा र नाच लगायत राष्ट्रका अरु विशेषतालाई पनि प्रवर्द्धन गर्न चाहन्छौं । मेरो विचारमा चिनियाँ जनतासँग अन्तरक्रिया गर्ने यो एउटा उत्तम माध्यम भएकोले सांस्कृतिक गतिविधि गर्नु उपयुक्त नै हुन्छ । युवा र तिनीहरुको गजबको सामर्थ्यमा हामी जोड दिन्छौं । किनभने प्रौढ व्यक्ति निश्चित धारणा बनाउने प्रवृत्तिको हुन्छ । औपचारिक लेनदेनमा सरकार र राज्य नियन्त्रित संस्थानबीच वार्ता हुँदा कुराकानी औपचारिक, तालिकाजन्य र अप्ठेरो हुन्छ । यद्यपि सांस्कृतिक गतिविधिमा विभिन्न प्रकारका मान्छेसँग हाम्रो भेट हुन्छ । आनन्ददायी खुला वातावरणमा हामी आफ्नो धारणा एकापसमा साटासाट गरेर बढी आनन्द लिन सक्छौं ।

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महेन्द्र प्रसाद गुप्ता
प्रबन्ध निर्देशक
पशुपति रोड क्यारियर नेपाल प्रा.लि.
फोन : ९८५१०२६२६०, ९८०२०३०९१५

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
आम बहादुर कुँवर (याम)
वालिङ फुलबारी गेष्ट हाउस
मित्रनगर-२९, नयाँ बसपार्क, काठमाडौं
फोन : ०१-४३८८६५०

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Rajendra Bikram Poudel
Executive Director
EASTLINK
EastLink Motors Pvt. Ltd.
TOYOTA
Scout Building, Lainchaur, Kathmandu
Tel : 01-4427795, 4441358

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
Nawang Sherpa
Managing Director
Lal Dhanus International Service Pvt.Ltd.
Chabahil, Chakupati, Kathmandu, Tel : 01-4474979, 4487044

● संस्मरण

# त्यो रात जङ्गलमै बास बसियो



शक्ति विक
'हिमशिखर'

२०६१ साल फागुन महिनाको २८ गते हुम्ला जिल्लाको मइला गाउँमा राता-राता झन्डा ब्यानर र महान् दार्शनिकहरू मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन र माओका भनाइहरू लेखेर सजाइएको रातो हलमा 'एकीकृत अग्रगामी रूपान्तरण अभियान' को अन्तिम समीक्षासहित अभियानको समापन गरेर हाम्रो विसु जनसांस्कृतिक कम्पनी माथिल्लो बाजुरा, कालिकोट हुँदै आफ्नो कार्यक्षेत्रतिर फर्किंदै थियो । बाटोमा अधिकांश साथीहरूका घर पनि परेकाले छोटो घर भेटघाटको योजना बनायौँ । कालिकोटको रूपसालाई सम्पर्क स्थान बनाएर कालिकोटतिरका सबै साथीहरू आ-आफ्नो घर भेटघाटमा गयौँ । झन्डै ५/७ महिना भइसकेको थियो घर नभेटेको । बाहिरका साथीहरूलाई एक-एकजना साथमा लिएका थियौँ । मैले भाइ असीमलाई साथमा लिएको थिएँ । उहाँ अछाम, पुल्लेतोलाको हुनुहुन्थ्यो ।

हाम्रो अन्तिम सम्पर्क स्थान अछामको रामारोशन थियो । भेरी-कर्णालीको भौगोलिक विकटताका कारण हाम्रो विसु सांस्कृतिक सैन्यकम्पनी 'एकीकृत अग्रगामी रूपान्तरण अभियान' पूर्ण सफल पार्नका लागि जाजरकोटबाट दुई टोली विभाजित भएर बाँके, बर्दिया, डोल्पा, सुर्खेत र जाजरकोटका लागि एउटा र कालिकोट, हुम्ला, जुम्ला मुगु र दैलेखका लागि अर्को गरिएको थियो । तल्लो क्षेत्रमा क. आकाश कमान्डर क. सङ्गीता भीसी अनि क. स्वर्णिम, क. जीवित, क. सान्त्वना, क. वीरतालगायतको टोली थियो भने माथिल्लो पहाडी भू-भागमा क. एमबी सर्वहारा कमान्डर र क. हिमशिखर भीसी अनि क. पर्वत, क. बबिता, क. रेश्मी, क. हिमचुली, क. कुशल बोगटी, क. प्रतिभा चौधरी, क. वस्ती, क. असीम, क. अपारलगायतका साथीहरू उकालो लागेका थियौँ । हामी अछामको रामारोशन पुगिसकेपछि निर्धारित समयमा दोस्रो टोली सम्पर्क स्थानमा नआइपुगेका कारण हामीलाई बाजुरामा केही कार्यक्रम लिएर जाने निर्देशन पार्टी एचक्युबाट प्राप्त भएपछि हाम्रो यात्रा रामारोशनबाट बाजुरातिर मोडियो । क. एमबी काम विशेषले मुगुबाट हाम्रो टोलीमा हुनुहुन्थेन । त्यसपछि टिमको सम्पूर्ण जिम्मेवारी मेरो काँधमा आएको थियो । रामारोशनबाट ऋषिदह पुग्नका लागि बीचमा एउटा अजङ्गको पहाड पार गर्नुपर्छ । यद्यपि त्यस्ता लेक हाम्रा लागि नौलो भने थिएनन् । त्यस्ता सयौँ पहाडहरू छिचोलिसकेका थियौँ हामीले ।

२०६१ सालको चैत महिनाको त्यस्तै आधीतिर हो, बाजुरा जिल्लाका डीसीएस क. क्षितिजको सम्पर्कमा पुग्नु थियो हामी । बाटोभरि नयाँ पालुवाहरू रक्ताम्य गुबा बनेर अङ्कुराउँदै थिए । लेखी फूलहरू आफ्नै धूनमा हाँसिरहेका थिए, रोइरहेका थिए । कति रमाइला थिए ती दिनहरू !

समयमै उक्त पहाड काटेर ऋषिदहमा पुग्यौँ सफलतापूर्वक । आधारइलाका भएकाले दुश्मनसँग जम्काभेट हुने डर थिएन हामीलाई । साथीहरूले फूलमाला र रातो टीका लाएर स्वागत गरे बाजुरा जिल्लामा प्रवेश गरेकोमा । डीसीएस क. क्षितिजले पार्टी जिल्ला समितिको बैठक छतारामा सम्पर्क स्थान बनाएर बोलाउनु भएको रहेछ । हाम्रो टोलीमा रहेका पार्टी साधारण शाखा सदस्यस्तरका साथीलाई बैठकमा आमन्त्रण गरिएको थियो । चैत १७ गतेदेखि २० गतेसम्म जिल्लाको समीक्षात्मक बैठक र प्रशिक्षण भव्य र शानदार तरिकाले सम्पन्न भयो । त्यसबखत पार्टीमा दुईलाइन सङ्घर्ष चर्को रूपमा चलिरहेको थियो । डा. बाबुराम भट्टराईले आफ्नो ४ बुँदे असहमति-पत्रसहित फरक विचार पार्टीमा दर्ज गराएर लाइनको बहस चलाएका थिए । यस बहसले युद्ध लडिरहेको पार्टीमा सङ्कट उत्पन्न गराइरहेको थियो ।

हामी 'एकीकृत अग्रगामी रूपान्तरण अभियान' कै निरन्तरतामा थियौँ । यद्यपि हुम्लामा अन्तिम समीक्षा तथा समापन कार्यक्रम गरेर आएका थियौँ ।

> "... अलि पछि दुईजना गाउँलेहरु देखापरे । तिनीहरु सिकारी रहेछन् । बाठो पर्वतले तिनीहरुको हातमा रगत लागेको पहिल्यै देखिसकेको रहेछ । त्यो कुरा उसले मलाई रिपोर्ट गरिसकेको थियो । तिनीहरु हामीलाई देखेर डराइरहेका थिए । हामी भने उनीहरुको साथ भेटेर खुसी भइरहेका थियौं । उनीहरुलाई बाटो बिराएका यात्री हौं भन्दै सविस्तार सम्झाई बुझाई गऱ्यौं । हाम्रो यात्राको अर्थ, औचित्य र महत्वबारे सायद प्रस्ट भए उनीहरु । बल्ल उनीहरु नजिक आए र आफूहरु सिकारी भएको र एउटा मृगको सिकार आफूहरुसँग भएको खुलासा गरे ।"

बाजुरा जिल्लाको विकट बस्ती दहकोट र मानाकोटमा जनसांस्कृतिक टोलीको अभियान चलाउनुपर्ने जिल्ला पार्टीको निर्णयपश्चात हामी त्यतातिरको यात्रामा पुनः हान्नियौँ । डीसीएस क. क्षितिजले केही खर्चको जोहो मिलाइदिनुभयो । कालिकोटका क. सगरमाथा र क. रोशन त्यस क्षेत्रका इन्चार्ज र एसीएस हुनुहुँदो रहेछ । "उहाँहरूलाई हिजै चिठी पठाइसकेको छ, तपाईंहरू ढुक्क भएर जानुहोस् ।" बिदाइ गर्नेबेला डीसीएस कमरेडले भन्नुभयो । उहाँहरू मेरा पूर्व परिचित साथीहरू पनि हुनुहुन्थ्यो । सजिलै हुने भयो, मनमनै सोचेँ ।

सबेरै बिहानको खाना खाएर भौनेरा, घच्मुना र काल्च्याको भीडको उकालो लाग्यौँ । हामीसँग भूगोलका जानकार रुट-गाइडर कोही थिएनन् । हामीमध्ये कोही पनि कसैलाई थाहा थिएन त्यो बाटो । सबै नयाँ थियौँ त्यो यात्राका लागि । सुरक्षाका कारण हामी कहाँ जाँदैछौँ भनेर धेरै हो हल्ला गर्नुथिएन गाउँमा । बाटो सोध्ने कुरा पनि भएन । हरियो घाँसमा बिषालु सर्प लुकेझैँ सर्वसाधरण जनताकै माझमा जालीफटाहाहरू लुकिबसेका हुन्थे । झोलामा मौजाद सातु र भटमास, चाउचाउ र बिस्कुटका एक-एक पाकेट थप्यौँ सबैले । समयमै पुगिहालिन्छ भन्ने लागेको थियो । उकालोमा खाँदै जाँदा भने जति हिँड्न सक्नुभएन भाइबैनीहरू लेक लागेर । जति उकालो चढ्यो, त्यति थपिएझैँ लाग्दै थियो पहाड । आहा ! कति रमाइलो थियो त्यो यात्रा । क्रान्तिकारी जोश र जाँगर भरिएका कलिला युवायुवतीहरूले 'मरे सहिद बाँचे मुक्ति' को कसम खाएका थिए । नयाँ संस्कृति र संस्कारको बीजारोपण गर्दै हिँडेका सांस्कृतिक क्रान्तिका यात्री थियौँ हामी । लेकैभरि लालीगुँरास ढकमक्क भई रातो पछ्यौरी ओडेर सजिएकी दुलहीझैँ सिँगारिएका थिए गुँरासका बोटहरू । लेकको बाटो घना जङ्गल, लेखिगुँरास, लालीगुँरास, धुपी सल्ला, दारसल्ला र गोब्रेका बोटहरू बाक्लोगरी उम्रेका थिए केही स-साना थिए भने केही अजङ्गका थिए रुखहरू । दिउँसै अनकन्टार र अत्यासलाग्दो थियो त्यो ठाउँ । जङ्गली जनवारहरू यत्रतत्र देखिन्थे । भाइहरू लखेटेर छोपौँ दाइ भन्दै थिए जोसिएर । यात्रा मनमोहक नै थियो प्राकृतिक सौन्दर्यले । जति उकालो चढ्दै गयो, त्यति उराठलाग्दा पहाडहरू देखिँदै थिए टाढा-टाढाका । सायद चैत महिना भएर होला । आकाश पूरै खुलेको थियो । रमाइलो अनुभव गर्दै लेखिपाटनमा बसेर एउटा गीत गायौँ । गीत यस्तो थियो :

*फुल्दैछ लेकैमा फूल युद्धको कोपिला बनेर*
*खुल्दैछ बिहानी अब कालो त्यो अँध्यारो चिरेर ।*

घडीको सुईले बेलुकीको ५ बजाइसकेको थियो । हामीले उकालो पूरै खाएका थिएनौँ तर लेक भएर होला, घामले भने डुब्ने सङ्केत देखाएको थिएन । आधा दिन बाँकी जस्तो आभास भइरहेको थियो । "औलको घाम डुबे आधा दिन हुन्छ, लेखको घाम डुबे आधा रात हुन्छ ।" बूढापाकाले भनेको सम्झेँ । मन छटपटिन थाल्यो, यात्रा अनिश्चितजस्तै बन्देछ, भूगोलको पटक्कै जानकारी छैन । सबै मुखामुख गर्न लाग्यौँ । एउटा डाँडो काटेपछि अर्को खोलो देखापऱ्यो । अब पुनः अर्को लेक काट्नुपर्ने भयो । समय ढल्किसकेको छ । अलि तल पाटनमा बाटो बिराइसकेका रहेछौँ, पछि मात्र थाहा भयो । फेदीमा गोठालासँग सोधेर नक्सा बनाएका थियौँ, त्यो नक्सा नै फेल खायो । अब नआत्तिएर उचित निर्णय लिनुबाहेक हाम्राअगाडि अरू विकल्प थिएन । अब अलि छिटो हिँड्ने र त्यो उकालो घाम छँदै काट्ने निर्णय गऱ्यौँ र सबैलाई छिटो छिटो हिँड्न आग्रह गरेँ । बिस्कुट र चाउचाउ अघि नै खाइसकेका थियौँ । खोलामा झरेर पानीसँग सातु खायौँ । त्यसपछि लगातार एकछिन् पनि आराम नगरी उकालो चढ्यौँ । डाँडामा पुगेपछि सूर्य धिपिक्कै निभ्यो । चराहरू बास खोजेर कराइरहेका थिए । पर कतै बाघको गर्जन सुनिँदै थियो । मृगहरू आफ्नो वासस्थानतिर फर्किरहेका होलान् । लेकको टुप्पोमा एकछिन् विश्राम गऱ्यौँ । पसिना ओभाएर लेकको सिसेटोले जीउलाई छोइसकेको थियो । गर्मी मौसम बढिसकेकाले हुम्ला र मुगुमा बोकेका स्लिपिङ र कम्बलहरू रामारोशनमा थन्काएर आएका थियौँ । हामीलाई निरीह देखेर चिसोले पनि पौठेजोरी खोजिरहेको थियो । परिवेश प्रतिकूल बन्दै गइरहेको थियो । झ्याउँकिरी र निन्नेराले आफ्नो गोधुली सङ्गीत बजाइरहेका थिए । हामी भने लेकको टुप्पोबाट ओरालोतिर आफ्ना पाइला चालिरहेका थियौँ । १५ मिनेट ओरालो झरेपछि छोडेका गोठहरू भेटिए । आज यतै बास बस्ने निर्णय गऱ्यौँ । अलि पछि दुईजना गाउँलेहरू देखापरे । तिनीहरू सिकारी रहेछन् । बाठो पर्वतले तिनीहरूको हातमा रगत लागेको पहिल्यै देखिसकेको रहेछ । त्यो कुरा उसले मलाई रिपोर्ट गरिसकेको थियो । तिनीहरू हामीलाई देखेर डराइरहेका थिए । हामी भने उनीहरूको साथ भेटेर खुसी भइरहेका थियौँ । उनीहरूलाई बाटो बिराएका यात्री हौँ भन्दै सविस्तार सम्झाई बुझाई गऱ्यौँ । हाम्रो यात्राको अर्थ, औचित्य र महत्वबारे सायद प्रस्ट भए उनीहरू । बल्ल उनीहरू नजिक आए र आफूहरू सिकारी भएको र एउटा मृगको सिकार आफूहरूसँग भएको खुलासा गरे । उनीहरूको मूल्यभन्दा ५०० ज्यादा तिरेर हामीले त्यो सिकार किन्यौँ । उनीहरूसँग नै केही भाँडाकुँडा र नुन पनि रहेछ । भाँडो सानो भएकोले अलि-अलि गर्दै पकाएर हाम्रो टोलीले त्यसकै भोजन गऱ्यौँ र त्यो रात जङ्गलमै बास बस्यौँ । भोलिपल्ट झिसमिसेमै आफ्नो यात्रा अगाडि बढायौँ- लेकबाट ओरालो गाउँतिरको ।

## कविता

### शान्तिको कुरा नगर



यज्ञबहादुर डाँगी

*म आकाशतिर हेर्छु*
*बादल उही छ*
*कुइरो उही छ*
*कतैतिर नहेरुँ भन्छु*
*कुरो उही छ*
*बस्छु- पीडा उही छ*
*सुत्छु- चिन्ता उही छ*
*कविता पढ्न थाल्छु*
*बिम्ब उही छ*
*यद्यपि सबै कुरा उही छ*
*तापनि शीर्षक उही छ भन्न सकिन्न*
*यहींनेर म अध:पतन भएको छु*
*शान्तिको कुरा नगर ।*
*म हावामा हेर्छु*
*गाली उही छ*
*क्षितिजतिर हेर्छु*
*बन्दुक उही छ*
*अनि मान्छेमा हेरिरहेछु*
*हा उही छ*
*चौतर्फी हेर्छु*
*निशाना उही छ*
*पत्रिका पढ्छु*
*घाउ बोकेको छाती उही छ*
*गाउँहरुमा घुम्न जान्छु*
*क्रूरता उही छ*
*बुद्धिजीवीहरुसँग कुरा गर्छु*
*सत्ता उही छ*
*धरतीमा हेर्छु*
*त्रसित बस्ती उही छ*
*कोठामा आएर बस्छु*
*यद्यपि यावत् कुरो उही छ*
*केवल*
*आदेशलाई यसरी फेरिएकोछ कि*
*खै ! के कुरा गरुँ !!*
*कारागारभित्रको कडा निगरानी*
*उही छ म भन्छु*
*शान्तिको कुरा नगर*
*नगर, शान्तिको कुरै नगर ।*
*नरुने कै हो त्यो रात*
*चाहिएको एउटा सुनौलो बिहान थियो*
*चाहिएन यो रात पनि*
*तिमीसँगै छिप्पिराखोस्*
*म अस्वस्थ छु तिम्रो शान्तिमा रमाउन*
*शान्तिको कुरा नगर*
*शान्तिको खेल खेल्ने केटाकेटीहरु पनि*
*सडकमा शान्ति-शान्ति नभन*
*सडकहरु फैलिन पाउनुपर्छ*
*शान्तिको कुरा नगर*
*नगर, शान्तिको कुरै नगर ।*

शुभकामना

२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मध्य क्षेत्रीय सडक निर्देशनालय
काठमाडौं

राष्ट्रिय बाणिज्य बैंक लि. प्रस्तुत गर्दछ
व्यवसायिक कर्जा



Swift : RBBANPKA
www.rbb.com.np
संस्थागत तथा साना मझौला कर्जा विभाग
फोन नं. : ९७७-१-४२५२५९५, EXT ३७११ र ३७१२, फ्याक्स नं.: ९७७-१-४२६८४०८
सम्पर्क : नजिकको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरू
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
... तपाईंको आफ्नै बैंक

# बर्मामा भयानक हिंसा

रोहिग्या विद्रोहीले दुई साताअघि एकैसाथ २० वटा प्रहरी चौकीमा आक्रमण गरेपछि परिचालित म्यानमार सेनाको कार्बाहीबाट सयौं मारिएका र ५८ हारभन्दा बढी बंगलादेशमा शरणार्थी बनेका छन् । म्यानमार-बंगलादेशको सीमामा हजारौं व्यक्ति असरल्ल परेका छन् । रोहिग्या म्यानमारको अल्पसंख्यक मुस्लिम समुदाय हो । सरकारी सूत्रले ३ सय ७० जनाको मृत्यु भएको दाबी गरे पनि वास्तविक संख्या त्योभन्दा धेरै छ । म्यानमारको उत्तरी राज्य राखिनका ७ सय घरमा सेनाले आगो लगाएको अधिकारकर्मीहरूको आरोप छ तर म्यानमार सेनाले त्यसको बचाउ गर्दै विद्रोहीले नै आगजनी गरेको दाबी गरेको छ । सरकारी सेनाको कारबाहीको क्रममा १३ जना सैनिकको पनि ज्यान गएको छ । नाफ नदीको किनारमा २० हजार शरणार्थी उद्धारको पर्खाइमा रहेको अन्तर्राष्ट्रिय सञ्चारले जनाएका छन् । राखिन म्यानमारको विकट र गरिब प्रदेश हो । जहाँ मुसलमान समुदायको बाहुल्य छ । बुद्ध धार्मिक देश म्यानमारका रोहिग्या समुदायमाथि उत्पीडन रहेको ठानिन्छ । यो घटनाले दक्षिण एसियामा आईएसआईको प्रभाव विस्तार हुने आशंका गर्न थालिएको छ ।

## देउवा–मोदी ...

२९. दुई प्रधानमन्त्रीहरूले ऊर्जा क्षेत्रका संयुक्त कार्य दलका बैठकहरू नियमित रूपमा भइरहेकोमा र भारतबाट नेपालतर्फ विद्युत प्रसारणको लागि मुजफ्फरपुर-ढल्केबर, कटैया-कुसाहा, रक्सौल-परवानीपुर अन्तरदेशीय विद्युत् प्रसारण लाइन कार्यान्वयनमा ल्याउन दुवै पक्षले चालेका हालैका कदमप्रति सन्तुष्टि व्यक्त गर्नुभयो । नेपालका प्रधानमन्त्रीले सन् २०१७ जनवरीमा मुजफ्फरपुर सबस्टेसनमा थप ट्रान्सफर्मर राखी नेपाललाई थप विद्युत दिन भारतीय निकायहरूले देखाएको तत्परताको लागि भारतका प्रधानमन्त्रीलाई धन्यवाद दिनुभयो । भारतका प्रधानमन्त्रीले नेपालको तर्फबाट भविष्यमा पनि विद्युत् माग भइआएमा भारतले सहयोग गर्ने आश्वासन दिनुभयो ।

३०. दुवै पक्षबीच सन् २०१४ मा सम्पन्न ऊर्जा व्यापार सम्झौता (पावर ट्रेड एग्रिमेन्ट) का सबै पक्षलाई कार्यान्वयनमा लैजान कदमहरू चाल्ने सहमति भयो । २०३५ सम्ममा अन्तरदेशीय ऊर्जा प्रसारणको लागि गुरुयोजना बनाउन दुवै पक्षले चालेका कदमप्रति दुवै प्रधानमन्त्रीहरूले सन्तोष व्यक्त गर्नुभयो ।

३१. सकेसम्म धेरै क्षमतामा द्विपक्षीय व्यापार र लगानी अभिवृद्धि गर्ने विषयमा दुवै प्रधानमन्त्रीहरूले उच्च प्राथमिकता दिनुभयो । उहाँहरूले भारत सरकार र नेपाल सरकारबीच २०१६ अक्टोबरमा व्यापार र साझेदारी सन्धि सात वर्षको लागि नवीकरण भएकोमा स्वागत गर्दै त्यसले अनधिकृत व्यापार नियन्त्रण गर्ने आशा गर्नुभयो ।

३२. नेपालका प्रधानमन्त्रीले नेपालको भारतसँगको बढ्दो व्यापार घाटाबारेमा चासो व्यक्त गर्नुभयो । अहिले विद्यमान द्विपक्षीय व्यापारको अवस्थालाई मध्यनजर गर्दै दुवै प्रधानमन्त्रीहरूले द्विपक्षीय व्यापार अझै अभिवृद्धि गर्न सकिनेमा जोड दिनुभयो । भौतिक पूर्वाधारमा रहेका कमजोरी सुधारेर, व्यापारमा व्यवधान ल्याउने प्रक्रियाहरूलाई सरल बनाएर र व्यापार अभिवृद्धि गर्ने अरू कदम जस्तै- कृषिजन्य र औद्योगिक उत्पादनहरूलाई बजारको पहुँच सहज बनाइदिएर व्यापार अभिवृद्धि गर्न सकिने विश्वास पनि प्रधानमन्त्रीहरूले व्यक्त गर्नुभयो । दुवै पक्ष परीक्षण र प्रमाणित गर्ने प्रयोगशाला बनाउन, क्वारेन्टाइनको सुविधा स्थापना गर्न र वस्तुहरूको गुणस्तर निर्धारणमा एकरूपता ल्याउन पनि सहमत भए ।

३३. दुवै प्रधानमन्त्रीहरू विभिन्न किसिमका यातायातका साधनबाट नेपालमा ठूलो मात्रामा कार्गो लैजाने र नेपाललाई ट्रान्जिट बनाएर यातायातका साधनहरू चल्न दिन र रेल सेवा सम्झौतामा सुधार गर्न पनि सहमत भए । दुवै पक्ष दुई देशका व्यापारिक विन्दुहरू धनगढी-गौरीफाँटा, गुलरिया-मुर्थिया, जटही-पिपरौं र पशुपतिनगर-सुखियापोखरीलाई स्तरोन्नति गरी प्रयोगमा ल्याउन कदम चाल्ने विषयमा सहमत भएका छन् । भारतमा प्रयोगमा आएको ‘गुड्स एन्ड सर्भिस ट्याक्स (वस्तु र सेवा कर)’ का कारण द्विपक्षीय र ट्रान्जिट व्यापारमा पर्ने असरहरूका बारेमा द्रूतरूपमा अध्ययन गर्न सहमत भएका छन् । दुई पक्षबीच द्विपक्षीय र ट्रान्जिट व्यापार सहज बनाउन र अनधिकृत व्यापार नियन्त्रण गर्न सन् २०१७ को अन्तिमसम्म सचिवस्तरको अन्तरसरकारी कमिटी बैठक बस्ने सहमति भयो ।

३४. नेपालमा भारतबाट हुने प्रत्यक्ष वैदेशिक लगानी वृद्धि गर्नुपर्नेमा दुवै देशका प्रधानमन्त्रीहरूले जोड दिनुभयो । नेपालका प्रधानमन्त्रीले नेपालमा लगानी गर्न विदेशी लगानीकर्ताको विश्वास बढाउन आर्थिक क्षेत्र सुधारमा नेपाल सरकारले भर्खरै चालेका कदमहरूको बारेमा जानकारी दिनुभयो ।

३५. बीपी कोइराला नेपाल-भारत प्रतिष्ठानले डिसेम्बर २०१६ स्थापनाको २५ वर्ष पूरा गरेकोमा दुवै प्रधानमन्त्रीहरूले प्रसन्नता व्यक्त गर्नुभयो । प्रतिष्ठानले जनता-जनताबीचको सम्बन्धलाई थप बलियो बनाएको र दुवै देशका जनतामा एकअर्काप्रति सदिच्छा जागृत गराउन सफल भएको उहाँहरूको विश्वास छ ।

३६. काठमाडौं-दिल्ली, काठमाडौं-वाराणसी, महेन्द्रनगर-नयाँदिल्ली र पोखरा-नयाँदिल्ली जस्ता रुटहरूमा बस सेवा सञ्चालनमा आइसकेकोमा दुवै प्रधानमन्त्रीहरूले सन्तुष्टि व्यक्त गर्नुभयो । अन्तरदेशीय यातायात सुविधा अभिवृद्धिका लागि अहिले चलेका रुटहरूको अवस्था र भविष्यमा थप्नुपर्ने रुटहरूका बारेमा छलफल गर्न संयुक्त कार्य दल (जोइन्ट वर्किङ ग्रुप) को बैठक बस्नेछ ।

३७. पर्यटन र आयुर्वेदिक स्वास्थ्य प्रणाली क्षेत्रमा हुने सहकार्यलाई अगाडि बढाउनुपर्ने विषयमा दुवै प्रधानमन्त्रीहरूले जोड दिनुभयो । यसै सन्दर्भमा दुवै पक्षबीच परम्परागत औषधी र पर्यटन साझेदारीमा आपसी सहयोगका विषयमा समझदारीपत्र पूर्णरूपमा कार्यान्वयनमा ल्याउन कदमहरू चाल्ने र तीर्थयात्राका सर्किटहरू विकास गर्ने विषयमा पनि सहमति भए । दुई प्रधानमन्त्रीहरूले, सांस्कृतिक र पर्यटकीय सम्बन्ध बढाउन, पर्यटन, नागरिक उड्डयन र यातायात क्षेत्रमा काम गर्ने संयुक्त कार्य दलको बैठक सकेसम्म चाँडै बस्ने आशा गर्नुभयो ।

३८. पशुपति क्षेत्रको पुनर्निर्माण र पुनरोत्थानका लागि दुवै देशका प्रधानमन्त्रीहरूले आआफ्ना देशका अधिकारीहरूलाई पशुपति क्षेत्र विकास कोष र भारतीय पुरातत्व सर्वेक्षणबीचको समझदारीपत्रलाई अन्तिम रूप दिन निर्देशन दिनुभयो ।

३९. दुवै प्रधानमन्त्रीले बिमस्टेक र सार्कजस्ता क्षेत्रीय र उपक्षेत्रीय तहका संस्थाहरूको सहकार्यले फाइदा हुनेमा जोड दिनुभयो । बिमस्टेकको अध्यक्षको नाताले नेपालका प्रधानमन्त्रीले अक्टोबर २०१६ मा भारतले आयोजना गरेको बिमस्टेकका नेताहरूको रिट्रिट र ब्रिक्स-बिमस्टेक सम्मेलनको लागि भारतका प्रधानमन्त्रीलाई धन्यवाद दिनुभयो । स्थापनाको २० वर्ष मनाउँदै गरेको बिमस्टेकको अवधारणाभित्र जागृत भएको साझेदारीको प्रयासप्रति दुई प्रधानमन्त्रीहरूबाट सन्तुष्टि व्यक्त भयो ।

४०. दक्षिण एसियाली भूउपग्रहको सफल प्रक्षेपणलाई दुवै प्रधानमन्त्रीले अन्तरिक्ष क्षेत्रमा क्षेत्रीय सहयोगको अनुपम उदाहरणको रूपमा लिँदै सन्तुष्टि व्यक्त गर्नुभयो । यसले अन्तरिक्ष प्रविधि प्रयोगबाट दूरसञ्चार, प्रसारण, दूरशिक्षा, टेलिमेडिसिन, ई-गर्भनेन्स, बैंकिङ र एटीएम, मौसमसम्बन्धी तथ्यांकहरूको प्रवाह, दैवीप्रकोपका समयमा र प्राज्ञिक र अनुसन्धान केन्द्रहरूको सञ्जाल निर्माण गरेर यस क्षेत्रका जनताको जीवनमा सकारात्मक प्रभाव पार्ने विषयमा सहमति भयो ।

४१. संयुक्त राष्ट्रसंघ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूमा भारत र नेपालले साझा चासोका विषयमा सहकार्य गरेको दुवै प्रधानमन्त्रीहरूले स्मरण गर्नुभयो । संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा भारतको स्थायी सदस्य राष्ट्रको लागि उम्मेदवारीलाई नेपालले समर्थन गरेको नेपालका प्रधानमन्त्रीले दोहोर्‍याउनुभयो ।

४२. आतंकवाद यस क्षेत्रमा शान्ति र स्थिरताको लागि सबैभन्दा ठूलो चुनौतीको रूपमा पहिचान गर्दै जुनसुकै रूपको आतंकवादविरुद्ध लड्ने बलियो प्रतिबद्धता दुवै प्रधानमन्त्रीले गर्नुभयो । उहाँहरूले अन्तर्राष्ट्रिय समुदायलाई संयुक्त राष्ट्रसंघको महासभामार्फत अन्तर ाष्ट्रिय आतंकवादविरुद्ध बृहत् सन्धि अनुमोदनको लागि आह्वान गर्नुभयो ।

४३. दुवै प्रधानमन्त्रीले निम्नलिखित दस्ताबेजहरू आदानप्रदान भएको अवलोकन गर्नुभयो-

(क) ५० हजार घरहरू पुनर्निर्माणका लागि भारतले दिने आवास अनुदानको मोडालिटीमा भएको समझदारीपत्र

(ख) भूकम्पपछिको पुनर्निर्माण प्याकेजमा शैक्षिक क्षेत्रमा भारतीय अनुदान कार्यान्वयनबारेमा समझदारीपत्र

(ग) भूकम्पपछिको पुनर्निर्माण प्याकेजमा सांस्कृतिक सम्पदा पुनर्निर्माण क्षेत्रमा भारतीय अनुदान कार्यान्वयनबारेमा समझदारीपत्र

(घ) भूकम्पपछिको पुनर्निर्माण प्याकेजमा स्वास्थ्य क्षेत्रमा भारतीय अनुदान कार्यान्वयनबारेमा समझदारीपत्र

(ङ) भारतीय मानक ब्युरो (ब्युरो अफ इन्डियन स्ट्यान्डर्डस) र नेपाल गुणस्तर तथा नापतौल विभाग (नेपाल ब्युरो अफ स्ट्यान्डर्डस एन्ड मेट्रोलोजी) बीच साझेदारी सहमति

(च) लागूऔषधको गैर-कानुनी ओसार-प्रसार र साइकोट्रोपिक वस्तुहरू र तिनको उत्पादनमा प्रयोग हुने रासायनिक पदार्थ ओसारप्रसार रोक्ने समझदारीपत्र

(छ) मेची पुल निर्माणमा समझदारीपत्र

(ज) भारतको इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्ट्स अफ इन्डिया र इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन्टस् अफ नेपाल (नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था) बीचको समझदारीपत्र

४४. दुई प्रधानमन्त्रीले कटैया (भारत) र कुसाहा (नेपाल) र रक्सौल (भारत) र परवानीपुर (नेपाल) बीचको अन्तरदेशीय विद्युत् प्रसारण लाइनको संयुक्त रूपमा उद्घाटन गर्नुभयो । यसले भारतबाट नेपालतर्फ थप सय मेगावाट विद्युत प्रसारण गर्न सक्छ ।

४५. दुई प्रधानमन्त्री यो भ्रमणले नेपाल र भारतका जनताबीचको ऐतिहासिक सम्बन्धलाई थप बलियो बनाउने र दुवै देशका जनतालाई हित गर्ने बताउँदै यसले दुई देशको बहुआयामिक सम्बन्धलाई अर्को उचाइमा पुर्‍याउनेमा सहमत हुनुभयो ।

४६. नेपालका प्रधानमन्त्रीले भारतका प्रधानमन्त्रीलाई नेपाल भ्रमणको लागि दिनुभएको निम्तो भारतका प्रधानमन्त्रीले स्वीकार गर्नुभयो । दुवै पक्षलाई मिल्ने समयमा भारतका प्रधानमन्त्रीको नेपाल भ्रमण हुने सहमति पनि भयो ।

नयाँ दिल्ली २४ अगस्त २०१७ (८ भदौ २०७४)

## कोशी उच्च बाँध ...

हुने ? भन्ने प्रश्न पनि उठाएको छ । कोशी, गण्डक र टनकपुर बाँधमा डुबान, अधिकरण र विस्थापितलाई दिने भनिएको क्षतिपूर्ति भारत सरकारले आजसम्म उपलब्ध नगराएको अवस्थामा कोशी बाँधबाट विस्थापित हुने नागरिकको सुरक्षा चिन्ता पनि नेकपाले गरेको छ । नेकपाले भदौ २२ गते धरान भानुचोकमा विरोधसभा गर्ने भएको छ । भदौ १७ गतेका पत्रकार सम्मेलनमा वितरित प्रेस विज्ञप्तिमा भनिएको छ - ‘नेपालका शासकहरूले आफ्नो सत्ता र कुर्सी स्वार्थका लागि विभिन्न राष्ट्रघाती तथा जनघाती सन्धि, सम्झौता र सहमति गर्दै आएका छन् । भारतीय शासकवर्गले नेपालको जलस्रोतमाथि गिद्धेदृष्टि राख्दै आएको छ । सत्तास्वार्थका लागि जलस्रोत सुम्पने पुरानै परम्पराको निरन्तरता दिंदै नेपाल सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले हालै भएको भारत भ्रमणको सिलसिलामा भारतीय समकक्षी नरेन्द्र मोदीसँग गरिएको ४६ बुंदे सहमतिको २८ नम्बर बुँदामा कोशी नदीमा जलाशययुक्त उच्चबाँध बनाउने भन्ने उल्लेख छ ।

पूर्वी पहाडी जिल्लाहरूलाई जलाशयमा परिणत गरेर भारतमा पानी र विद्युत आपूर्ति गर्ने भारतीय शासकको पुरानै योजना हो । त्यसलाई कुनै पनि देशभक्त नागरिकहरूले स्वीकार्न सक्दैनन् । तसर्थ, यसको जनस्तरबाट विरोध र प्रतिरोध गर्नु अनिवार्य छ ।

सुनसरी जिल्लाको बराहक्षेत्र अन्तर्गत बराहक्षेत्रदेखि १.६ किलोमिटरमाथि सुनखम्बीमा धनकुटा, आहालेमा र उदयपुरको मैनामैनीसम्म करिब १ किलोमिटर लामो एवं २ सय ६९ अग्लो बाँधमा १३ अर्ब ४५ करोड घनमिटरको विशाल ताल बनाउँदा धनकुटा, उदयपुर, भोजपुर, सिन्धुली, ओखलढुंगा, रामेछाप, खोटाङ, तेह्रथुम, पाँचथर, संखुवासभालगायत जिल्लामा अरुण, तमोर, सुनकोशी, भोटेकोशी नदीका जलाधार क्षेत्रहरू डुब्ने र लाखौं नागरिक विस्थापित हुनुका साथै, बाँधको तल्लो क्षेत्रमा रहेको पूर्वी मधेसका सम्पूर्ण भू-भागमा उच्च जोखिम र क्षतिको सम्भावना रहन्छ । अर्कोतिर चुरे पहाडको भू-बनौट कमजोर भएको हुँदा भौगर्भिक दृष्टिलेसमेत उपयुक्त छैन । त्यसकारण सप्तकोशी उच्च बाँधको निर्माण गर्न दिनुहुँदैन । नेता नवीनद्वारा शुक्रबार प्रेषित विज्ञप्तिमा ‘यस सम्झौताको विरुद्ध र खारेजको माग गर्दै नेपाल कम्युनिस्ट पार्टी, कोशी ब्युरोले भदौ २२ गते सुनसरी धरानमा बृहत् जनप्रदर्शन आयोजना गरेको छ । यस कार्यक्रममा सहभागी भएर यो अभियानमा साथ दिन हुन सम्पूर्ण राजनीतिक दल, संघ-संस्था, प्रभावित क्षेत्रका नागरिक, बुद्धिजीवी, व्यवसायी, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मी, देशभक्त व्यक्तिलगायत सबैमा हार्दिक अपील गर्दछौं’ भनिएको छ ।

## हाइड्रोजन बम ...

विरुद्ध उभिन कसरी सम्भव भयो ? विश्व आश्चार्यमा परेको छ । त्यसको पछाडि सबल र अनुकरणीय आत्मगत पक्ष मुख्य छ । दोस्रो कोरिया, चीन र रुसको बीचमा संवेदनशील भौगोलिक अवस्थामा रहेको छ । कोरिया र चीनका बीचमा एउटामाथिको आक्रमण अर्को देशका विरुद्धको आक्रमण ठानिने सन्धि रहेको छ । कोरियाको विवाद बढ्दै जाँदा चीन-अमेरिका तनाव बढ्दै गएको जगजाहेर छ । अर्कोतिर कसले कोरिया-रुस सीमामा सेना परिचालन गरेको छ । यी घटना र परिवेशको संकेत के हो भने जापान, दक्षिण कोरिया र अमेरिकाका कतिपय राज्य समुद्रमा डुब्ने, अकल्पनीय क्षति र विनास व्यहोर्ने कि कोरियासँग सहकार्य गर्ने ? भन्ने प्रश्नको छनौट गर्न विश्व शक्तिहरूलाई बाध्यता भएको छ । अब कोरियासँग झुक्नु वा सहकार्य गर्नु अर्थात् एउटा विश्व शक्ति स्वीकार्नुपर्ने वाध्यता भएको छ । त्यसको अर्थ दक्षिण कोरियाबाट अमेरिकी सेना फिर्ता गर्नुपर्ने दबाब बढ्नेछ । अमेरिकाका लागि कोरिया अर्को भियतनाम बन्दैछ । त्यसको स्पष्ट सन्देश के हो भने विश्व अब घोषित रूपमा बहुध्रुवमा प्रवेशको प्रसव पीडा भोग्दैछ । विश्व शक्ति सन्तुलनका लागि भएको संघर्षको केन्द्रीय अभिव्यक्ति नै कोरियाली ‘समस्या’ हो, जसबाट पुँजीवादी-साम्राज्यवादी ध्रुवको ‘निद हराम’ भएको छ भने न्यायप्रेमी, वामपन्थी र राष्ट्रियताको संघर्ष गरिहेका शक्तिहरू उत्साहित भएका छन् । नेकपाका विदेश विभाग प्रमुख तथा स्थायी समिति सदस्य धर्मेन्द्र बास्तोला ‘कञ्चन’ ले यसलाई कोरियालाई आत्मरक्षाको अधिकार भएको बताउनुभएको छ । त्यसैप्रकारको धारणा विश्वभरिका जनताको पनि रहेको छ ।

“भविश्यको लागि जीवन बीमा गरी निश्चित हुनुहोस् ।”
हाम्रा सेवाहरु
सावधिक, सावधिक (दोहोरो दुर्घटना लाभसमेत), आजीवन, अग्रिम भुक्तानी, बालबच्चाको शिक्षा तथा विवाह, म्यादी, सामूहिक वात्सल्य, जीवनसाथी, बाल उमङ्ग, जीवन सुरक्षा बीमा ।
“बीमाको क्षेत्रमा विश्वसनीय नाम”
राष्ट्रिय बीमा संस्थान
प्रधान कार्यालय : रामशाहपथ, काठमाडौं
फोन नं. ०१-४२६२६१०, पो.ब. ५२७, फ्याक्स नं. ०१-४२६२६१०
इमेल :bema@wlink.com.np, वेभसाईट : www.beema.com.np

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजन गौतम
अध्यक्ष
उद्योग वाणिज्य संघ
भरतपुर महानगरपालिका-१
नारायणगढ, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
दिपक प्रसाद कंडेल
प्रबन्ध निर्देशक
रोयल अटो
भरतपुर महानगरपालिका-१०, एयरपोर्ट अगाडी, चितवन
फोन नं. ९८५५०४७५११

प्रो. कुमार श्रेष्ठ ९८५५०५५६१२, ९८०७२८३११२
कुमार क्याटरिङ्ग सर्भिस
भरतपुर-१०, वीरेन्द्र क्याम्पस गेट अगाडी, चितवन ☎ ०५६-५२६७८३
शाखा : नयाँ वसपार्क, गोरखा



शुभविवाह, ब्रतबन्ध, सेमिनार, तथा शुभकार्यका लागि क्याटरिङ सर्भिसका साथै शिरक, डसना तथा स्टेज भाडामा उपलब्ध गराइन्छ



हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ३, अङ्क १४, पूर्णाङ्क १०९
रातोखबर

यसपटक

# मानव तस्करलाई कार्बाही गर

देश बनाउने शक्ति भनेकै युवा शक्ति हो । त्यही युवा शक्तिको दुरूपयोग हुँदा नेपाल भाडाका सिपाही जन्माउने देशका रूपमा बद्नाम भएको छ । विप्लव नेतृत्वको नेकपा निकट युवा संगठन 'राष्ट्रिय युवा जनस्वयम्सेवक' ले युवाहरूलाई स्वदेशमा नै रोजगारको व्यवस्था गर्न, मानव तस्कर हरूलाई कार्बाही गर्न माग गरेको छ । उसले रोजगार विभागद्वारा तोकिएको भन्दा बढी शुल्क असुल्ने कम्पनीलाई कार्बाही गर्न माग पनि गरेको छ। प्रहरी, प्रशासन र राजनीतिक दलको संरक्षणमा अवैध धन्दाले प्रश्रय पाइरहेको आरोप पनि उनीहरूले लगाएका छन् । युवा महिलालाई घरेलु कामदारको भिसा वा प्रलोभनमा तेस्रो मुलुक पुऱ्याएर बेश्यावृत्ति गर्न बाध्य पार्ने जघन्य अपराध गर्ने व्यक्ति र संख्यालाई कार्बाही गर्न संगठनले सरकारको ध्यानाकृष्ट गराएको छ। सहमति-पत्र लिएर विदेश गएका युवाहरूले अग्रिम सहमति-पत्रअनुसार रोजगार नपाएको अवस्थामा त्यस कम्पनीबाट क्षतिपूर्ति भराउन र कार्बाही गर्न पनि युवाहरूले श्रममन्त्रीको ध्यानाकृष्ट गरेका छन् । स्वास्थ्य परीक्षणलगायतको विभिन्न नक्कली शीर्षकमा आर्थिक शोषण गर्ने कम्पनीहरूलाई कार्बाही गर्न पनि संगठनले दबाब दिएको छ । भिसा र टिकट निःशुल्क दिएर रोजगार दाताले श्रमिकलाई सम्बन्धित देशमा लानुपर्ने सरकारी निर्णय छ तर रोजगारदाता कम्पनीले पूर्ववत् शुल्क असुलिरहेका छन् । तैपनि सरकारी निर्णय उल्लंघन गर्नेहरूलाई सरकारले कार्बाही गर्न सकेको छैन । काठमाडौंमा चलिरहेका वैदेशिक रोजगार कम्पनीले कार्यालय सहयोगी भन्दै युवाहरूको यौन शोषण र निम्न ज्याला दिने गरेको आरोप पनि संगठनले लगाएको छ । युवा संगठनद्वारा सोमबार प्रस्तुत १२ बँदे ज्ञापनपत्र कार्यान्वयन नगरिए विसंगति र विकृतिका विरुद्ध संगठनले आफैँ कदम चाल्ने चेतावनी पनि दिइएको छ । सिंहदरबारस्थित कार्याकक्षमा ज्ञापनपत्र ग्रहण गर्दै श्रम तथा रोजगार मन्त्री फर्मुल्लाह मन्सुरले ज्ञापनपत्र समेटिएका विषयहरू जायज रहेका कारण मन्त्रालयले कार्यान्वयन गर्ने प्रतिवद्धतासमेत जनाएका थिए । युवाहरूले नेपाल-भारत खुला नाकाको दुरुपयोग गरेर दिल्ली हुँदै तेस्रो मुलुकमा नेपाली युवाहरूको तस्करी भइरहेकोप्रति पनि श्रममन्त्रीको ध्यानाकृष्ट गराएका थिए । ज्ञापनपत्रको पूर्णपाठ यसप्रकार छ - 'युवा शक्ति भनेको दुनियाँलाई बदल्न सक्ने ऊर्जा हो । संसारमा जे जति विकास र परिवर्तनहरू भएका छन, यसले उत्प्रेरकको भूमिका खेलेको छ । नेपाल आफैँमा प्राकृतिक स्रोत-साधनले भरिपूर्ण देश भएको हुँदा यहाँ रहेको या ऊर्जाशील युवा शक्तिलाई कसरी स्वदेशमा नै रोजगारीको व्यवस्था गर्ने भन्ने न सरकारलाई चिन्ता छ न त राजनीतिक दहरूलाई नै । जबसम्म यो शक्तिलाई स्वदेशमा नै रोजगारीको व्यवस्थापन गर्न सकिँदैन तबसम्म नेपाल न आत्मनिर्भर बन्न सक्छ न त युवाहरू स्वाभिमानपूर्ण जीवन बाँच्न सक्छन् । विडम्बना आज नेपालबाट लाखौंको संख्यामा रोजगारीका निम्ति दिनदहाडै युवाहरू बेचिन बाध्य छन् । आज


श्रम मन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै

विप्रेषणको भरमा टिकेको नेपाल भाडाको आधुनिक दास जन्माउने मुलुकको रूपमा परिचित छ, बहादुर र वैज्ञानिक जन्माउने देशको रूपमा होइन । यद्यपि आजको २१औं शताब्दीमा नेपालका युवा शक्तिलाई सही तरिकाले परिचालन गर्ने हो भने उच्च-प्रविधिलाई समेत माथ खुवाउने हैसियत यो शक्तिमा छ। यो शक्तिको महत्व र भूमिकालाई राज्यले बुझ्न नसक्दा अभावलाई व्यवस्थापन गर्ने नाममा आफ्नो स्वाभिमान गुमाउँदै 'पुँजीवादी नीतिको सिकार' बन्न विवश भएका छन् । आजको पुँजीवादको विकल्प 'वैज्ञानिक समाजवाद' ले मात्र दिन सक्छ। त्यो मात्र सबैखाले अन्तरविरोधको हल हो । तसर्थ, हाम्रो गौरवशाली संगठन 'राष्ट्रिय युवा जनस्वयम्सेवक' सम्पूर्ण वर्ग, क्षेत्र, लिङ्ग विभिन्न तह तप्काका युवा शक्तिलाई वैज्ञानिक समाजवादको दिशामा अघि बढ्दै स्वदेशमा नै रोजगारीको प्रवर्द्धन गर्न राज्यलाई विशेष आग्रह गर्दछ । साथै, नेपाल सरकार श्रम मन्त्रालयद्वारा संचालित विभिन्न वैदेशिक रोगजार कम्पनीहरूद्वारा अवैध ढंगले सञ्चालित कार्यहरू अविलम्ब रोक्न यो ज्ञापनपत्रमार्फत् आग्रह गर्दछौँ । यदि तल उल्लिखित बुँदाहरूलाई नियमन र अनुसन्धान गरी कार्बाहीको दायरामा ल्याउनुपर्ने अन्यथा भोलि यस्ता समस्याहरूबाट उत्पन्न परिस्थितिको भागिदार सम्बन्धित पक्ष नै हुने व्यहोरा पनि यो ज्ञापनपत्रमार्फत् जानकारी गर्दछौं -

१) विभिन्न वैदेशिक रोजगार कम्पनीहरूले श्रम मन्त्रालयद्वारा तोकिएको शुल्कभन्दा बढी राजश्व लिने कार्य अविलम्ब बन्द गर्नुपर्ने ।
२) वैदेशिक रोजगार कम्पनीबाट तोकिएको श्रममूल्य नपाउने कार्य बन्द हुनुपर्ने ।
३) वैदेशिक रोजगार कम्पनीलाई मानव तस्करी गर्नबाट मुक्त बनाइनुपर्ने ।
४) प्रहरीको मिलेमतो र राजनीतिक संरक्षणमा अवैध धन्दा गर्ने कम्पनीहरू खारेज गर्नुपर्ने ।
५) राज्य (श्रम मन्त्रालय) लाई बुझाउनुपर्ने करमा भएको ठगीलाई नियन्त्रण गर्नुपर्ने ।
६) घरेलु कामदारको नाममा विदेश पुऱ्याएर महिलाहरूमाथि हुने शोषण वा बेश्यावृत्ति गर्न बाध्य तुल्याइने चेलीबेटी बेचबिखन जस्तो जघन्य अपराध गर्ने कम्पनीलाई तुरुन्त कार्बाहीको दायरामा ल्याइनुपर्ने ।
७) वैदेशिक रोजगारीमा गई अलपत्र परेका नेपाली युवाहरूलाई कम्पनीको सहमति-पत्रअनुसार नगरी बेवास्ता गर्ने कम्पनीहरूलाई खारेज गर्नुपर्ने ।
८) स्वास्थ्य परीक्षणलगायत विभिन्न वहानामा रकम असुली गर्ने कम्पनीलाई बन्द गरिनुपर्ने ।
९) 'फ्री भिसा, फ्री टिकट' लाई कम्पनी अनुकूल दुरुपयोग गरिएका कम्पनी र त्यसका मालिकलाई कार्बाहीको दायरामा ल्याउनुपर्ने ।
१०) युवाहरूलाई स्वदेशमा रोजगारी दिलाएको वहानामा परनिर्भर बनाएर गुण्डागर्दीको रूपमा आफू अनुकूल चलाउने कम्पनीलाई रोक्नुपर्ने ।
११) कार्यालय सहयोगीको रूपमा काम दिलाएको नाममा महिलाहरूमाथि हुने शारीरिक शोषणको अन्त्य हुनुपर्ने ।
१२) कम्पनीभित्र हुने दलालीलाई तुरुन्त बन्द गर्नुपर्ने ।'

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रामकृष्ण सापकोटा
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सोमेश्वर प्रसाद गुप्ता
भरतपुर महानगरपालिका-३, बेलचोक, चितवन

शुभकामना
२०७४ सालको विजया दशमी, दीपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
ग्लोबल एग्रो प्रोडक्शन प्रा.लि. तथा ग्लोबल ह्याचरी प्रा.लि.
भरतपुर महानगरपालिका-३, बेलचोक, चितवन
☎ ०५६-५७१८२०/५७१८०९
Email : globalagro.nepal@gmail.com

बधाई तथा शुभकामना
होटल व्यवसायी संघ, चितवन एकाइ कृष्णपुरको २०७४ भदौ १७ गते सम्पन्न नवौं साधारण सभा तथा विशेष अधिवेशनबाट निर्वाचित कार्यसमितिलाई सफल कार्यकालको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।
भरत न्यौपाने
सेक्रेटरी
नेपाल कम्युनिस्ट पार्टी
भरतपुर-७, चितवन

कार्य समितिका निर्वाचित पदाधिकारीहरू

दिपक ढकाल
अध्यक्ष

लक्ष्मी कार्की
प्रथम उपाध्यक्ष

रामचन्द्र ढकाल
द्वितीय उपाध्यक्ष

अरुणबहादुर रानाघाट
सचिव

लेखनाथ भुसाल
सहसचिव

हरिप्रसाद पौडेल
कोषाध्यक्ष

गंगा पराजुली
सदस्य

कूलप्रसाद चापागाईं
सदस्य

केशव रानाभाट
सदस्य

निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ